बालविवाह सामाजिक र कानूनी अपराध हो
- २० वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन १५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 27 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७९

## नेशनल मेडिकल कलेजमा बबालै–बबाल

प्रस, वीरगंज, १४ फागुन/

नेशनल मेडिकल कलेजको विवाद चुलिँदैछ। हिजो मेडिकल कलेजका नयाँ प्रबन्ध निर्देशक डा शाहनवाज अन्सारीले पत्रकार सम्मेलन गरेर पूर्व प्रबन्ध निर्देशक एवं काका बसरूद्दीन अन्सारीलाई पदमुक्त गरेको र उनको नेशनल मेडिकल कलेजमा १० प्रतिशत मात्र शेयर भएको बताएका थिए।

फागुन ४ गते बसेको बोर्ड बैठकले अध्यक्षमा पिता डा जैनुद्दीन अन्सारीसहित छजना चयन गरेको र डा अन्सारीकै अध्यक्षतामा आफूसहित तीन सदस्यीय नयाँ सञ्चालक समिति गठन भएको जानकारी गराएका थिए। पत्रकार सम्मेलनपछि कलेजका पूर्व प्रबन्ध निर्देशक अन्सारीले आफूलाई दाइ डा जैनुद्दीनले धोका दिएको अभिव्यक्ति दिएका छन्। उनले पत्रकारहरूसँग आफूलाई जानकारी नै नदिएर बोर्ड बैठक बसेको र सञ्चालक समिति गठन गरेको आरोप लगाएका छन्।

कलेजको शुभारम्भमा आफूहरू चार दाजुभाइ डा अन्सारी, ताजुद्दीन अन्सारी, नसरूद्दीन अन्सारीसमेतको जग्गा बैंकमा धितो राखेर शुरू गरेको र दाइले ५० प्रतिशतको अंशियार मौखिकरूपमा भनेको तर पछिल्लो समयमा दाइले धोका दिएको आरोप लगाए।

उनले पछि मिलाउनेगरी रजिस्ट्रारको कार्यालयमा आफ्नो शेयर १० प्रतिशत र दाइले ९० प्रतिशत लिएको र त्यसैलाई कानूनी आधार बनाएर आफूमाथि प्रहार भएको आरोप लगाए। उनले आफूसमेत नेशनल मेडिकल कलेज काठमाडौं, नेशनल मेडिकल कलेज र नेपाल मेडिकल कलेजमा अंशियार रहेको र सोको हिसाबकिताब गर्न भन्दा



आनाकानी गर्दै आएको बताए।

घरायसी कुरालाई अहिले पत्रकार सम्मेलनमार्फत बाहिर ल्याइएकोमा दु:खेसो व्यक्त गर्दै यसको समाधान परिवारका चारैजना दाजुभाइ मिलेर गर्नुपर्ने भनेको तर कलेजका अध्यक्ष दाजु डा जैनुद्दीनले नमानेको आरोप लगाएका छन्। उनले कलेजको स्थापनाकालदेखि अहिलेसम्मको प्रगतिमा आफ्नो समान सहभागिता रहेको तर दाइको भूमिका चेकमा सही गर्नेबाहेक केही नरहेको भन्दै अहिले आएर आफ्ना छोराछोरी, सालाहरूलाई मात्र लक्षित गरेर काम गरिरहेको आरोप लगाए।

उनले तीन महीनादेखि आफ्नो भागको हरहिसाब गर्न माग गरेको तर दाजु डा अन्सारीले हरहिसाब नगरेको बताए।

नेशनल मेडिकल कलेजमा सोमवारदेखि कर्मचारीहरू बहिरङ्ग विभाग बन्द गरेर हडतालमा उत्रेका छन्। उनीहरूले बहिरङ्ग विभाग अगाडि धर्ना दिएर सेवा बन्द गरेका छन्। आइतवार नयाँ सञ्चालक समितिले नौंजना कर्मचारीलाई निष्कासन गरेपछि कलेजका कर्मचारीहरू आजदेखि हडतालमा उत्रेका हुन्। उनीहरूले लामो समयदेखि कलेजमा काम गर्दै आएको तर विनाकारण नौंजना कर्मचारीलाई हटाएपछि आफूहरूलाई पनि आलोपालो गरी हटाउने भयका कारण हडतालमा उत्रेको जनाएका छन्।

मेडिकल कलेजमा भाइभाइबीचको अंशको विवाद बढेपछि कलेज केही महीनादेखि तनावग्रस्त छ। यस अघि छात्रवासको विषयलाई लिएर विवाद भएको थियो भने सोसँगै छात्रवासको दुईजना विद्यार्थीको मृत्युको विषय पनि चर्काइएको थियो।

नेशनल मेडिकल कलेज स्थापनाकालमा रु ५ करोडमा शुरू भएको र अहिले यसको शेयर मूल्याङ्कन मात्र २६ अर्ब छ। नेपाल मेडिकल कलेजमा डा जैनुद्दीनले भाइ बसरूद्दीनलाई प्रबन्ध निर्देशकबाट हटाएर ५१ प्रतिशतको हकदाबीसहित एक महीना अगाडि प्रबन्ध निर्देशक भएका थिए। सोही बखतदेखि अन्सारीबन्धुबीचको झगडा छताछुल्ल भएको हो। अहिले मेडिकल कलेजमा दिनहुँजसो विवाद भइरहेको छ।

जिल्ला प्रशासन कार्यालय, पर्सामा डेढ महीना अगाडि डा जैनुद्दीनले शान्ति सुरक्षाको निवेदन दिएका थिए। भाइबाट असुरक्षा भएको भन्दै उनले प्रशासनमा उजूरी दिएको र त्यसको दुई हप्तापछि बसरूद्दीनले पनि शान्ति सुरक्षा सम्बन्धमा उजूरी निवेदन दर्ता गराएका थिए। अहिले पनि कलेजमा प्रबन्ध निर्देशकको हैसियतले बसरूद्दीन विराजमान छन् र पद र कार्यालय छाड्न मानेका छैनन्। विवादको समाधान प्रतीक्षाको विषय बनेको छ।

## मिटरब्याजीविरुद्ध ७७९ उजूरीमा मिलापत्र




प्रस, वीरगंज, १४ फागुन/

जिल्ला प्रशासन कार्यालय, बारामा परेको अनुचित लेनदेन (मिटरब्याजी) सम्बन्धी उजूरीमध्ये ७७९ वटा उजूरीलाई मिलापत्र र सहमतिबाट समाधान गरेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी गराएका छन्।

उनले वैशाख १७ गतेदेखि जिल्ला प्रशासनमा ३३३२ वटा अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी उजूरी परेको र त्यसमध्ये पहिलो चरणमा माघको अन्तिमसम्म ६७५ वटा र फागुन १ गतेदेखि फागुन १३ गतेसम्म १०४ वटा उजूरीमा मिलापत्रगरी सहमति गराइएको बताएका छन्।

उनले उजूरीमा उल्लिखित भएको माग बमोजिमको रकम २३ करोड ९२ लाख ३१ हजार ७८२ मध्ये मिलापत्र, सहमतिबाट १५ करोड १९ लाख ३७ हजार ४११ रुपियाँमा टुङ्गो लागेको बताए। यसैगरी सहमतिमार्फत ८३ वटा जग्गा (२१ बिघा १५ कठ्ठा १६ धुर) फिर्ता गराइएको जानकारी गराएका छन्।

## शङ्कास्पद वस्तु विष्फोटबाट एकजनाको मृत्यु, पाँचजना घाइते

प्रस, निजगढ, १४ फागुन/

निजगढ नगरपालिका–७ स्थित रोहित वर्कशपमा शङ्कास्पद पस्तु काट्ने क्रममा सोमवार दिउँसो करीब १२ बजे विष्फोट हुँदा वर्कशप सञ्चालक निजगढका ४५ वर्षीय रेशम मगरको मृत्यु भएको छ भने, पाँचजना घाइते भएका जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

भारत बस्ने ३५ वर्षीय राकेश मुखमा जडान भएको पित्तलजस्तो देखिने धातु काट्न वर्कशपमा ल्याइ सो धातु झिक्न विद्युतीय कटरले काट्ने क्रममा सो वस्तु विष्फोट भएको निजगढ नपा–५ का सूर्यबहादुर थापाले बताए। उनी वर्कशपमा ट्याक्टरको सामान बनाउन गएको र वर्कशप सञ्चालक रेशमलाई पहिले आफ्नो काम गर्न अनुरोध गरेको उनले बताए।

काट्दै गरेको सामानबाट तेल जिल्ला प्रहरी कार्यालय, बाराका प्रमुख प्रहरी उपरीक्षक सुरेश काफ्लेले बताए। विष्फोट हुने भएपछि आसपासका स्थानीयहरूको भीड लागेको थियो।

घटनाको जानकारी पाएर इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक घनश्याम श्रेष्ठको टोलीसहित सशस्त्र प्रहरी, विपत्त व्यवस्थापन बेस निजगढका प्रनाउ दिनेश शर्माको टोली पुगेको थियो।



विष्फोट भएको शकास्पद वस्तुको अवशेष

जयसवाल र २० वर्षीय अरविन्द साह गम्भीर घाइते भएका छन् भने वीरगंज उपमहानगरपालिका–९ का २० वर्षीय रितु रजत, ३४ वर्षीय फिरोज देवान घाइते छन् भने निजगढ नगरपालिका–५ का ४५ वर्षीय सूर्यबहादुर थापा सामान्य घाइते भएका छन्।

निजगढ नगरपालिका–९ शहीद चोकनजीकैको कबाडी सङ्कलन पसल साहु भारतीय नागरिक राज जयसवालले तीन फिट लम्बाइ र दुई फिट गोलाइको सिलिन्डर आकारको शङ्कास्पद फलामको जस्तो पदार्थ चुहिरहेको र आगो पनि बलेको आफूले देखेको एकै छिनमा ठूलो आवाजमा विष्फोट हुँदा केही समयसम्म आँखाले केही नदेखेको एकछिनपछि आँखा खुल्दा कसैको हात, खुट्टा, औंला, पेट उछिटिएर भुइँमा लडी रगताम्य देखेंको उनले बताए। सामान्य घाइतेको निजगढ सामुदायिक अस्पतालमा उपचार भइरहेको छ।

शङ्कास्पद विस्फोट भएको वस्तुको फरेन्सी चेकपछि यकीन पहिचान खुल्ने प्रहरीले एकजनालाई निजगढ सामुदायिक अस्पतालमा र बाँकी चारजनालाई वीरगंजस्थित वयोधा अस्पताल पठाएको निजगढ सामुदायिक अस्पताल, निजगढका डा सतीश निरौलाले बताए। जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले वेल्डिङ गर्ने ग्याँस सिलिन्डर पड्केर घटना भएको बताए। उनले दिउँसो १२ बजे घटना भएको र वयोधा अस्पताल वीरगंजमा डेढ घण्टापछि मगरको मृत्यु भएको बताए।

## जिल्ला प्रशासन, पर्सामा सेवाग्राही पीडित

नितेश कर्ण, वीरगंज, १४ फागुन/

जिल्ला प्रशासन कार्यालय, पर्सामा राष्ट्रिय परिचयपत्रका लागि जाने सेवाग्राहीमध्ये ज्येष्ठ नागरिकहरूसँग असल व्यवहार नभएको गुनासो छ।

सामाजिक सुरक्षा भत्ताको लागि सरकारले राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि जिप्रका, पर्सामा भीड बढेको छ। योसँगै कार्यालयमा कार्यरत कर्मचारीहरूले भने ज्येष्ठ नागरिकमैत्री व्यवहार नगरेको वीरगंज महानगरपालिका–२० हरपतगंज निवासी ७६ वर्षीया राजपति देवीले गुनासो गरिन्। उनले आफू पढेलेखेको नभएको र सो कार्यको लागि कर्मचारीहरूले सहयोग गर्नुपर्नेमा सो नगरेको बताइन्। उनले परिचयपत्रमा मोबाइल नम्बर अनिवार्य राखिनुपर्ने प्रावधान रहेको तर आफूसँग मोबाइल नभएको र सोको कारण परिचयपत्र बनाउनबाट वञ्चित भएको बताइन्।

राष्ट्रिय परिचयपत्रमा अहिले मोबाइल नम्बर अनिवार्य गरिएको छ र मोबाइल नम्बर नभएकाहरूले समस्या भोग्नुपरेको छ।

यसैगरी, कर्मचारीहरूले ज्येष्ठ नागरिकलगायत सेवाग्राहीसँग असल व्यवहार नगरेका कारण सो फाँटमा दिनहुँ विवाद हुने गरेको छ। राष्ट्रिय परिचयपत्रसँगै दर्ता चलानीमा पनि यसै प्रकारको विवाद हुने गरेको छ। त्यहाँ कार्यरत कार्यालय सहायकले असल व्यवहार नगरेको गुनासो बढेपछि निजलाई अहिले वीरगंज कारागारमा सरुवा गरिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी ध्रुव लम्सालले कर्मचारीहरूबाट हुने गरेका समस्याबारेमा ध्यानाकर्षण भएको र सोलाई सच्याउने कार्य भइरहेको बताए।

## वीरगंज कलेजले खाना तथा सांस्कृतिक मेला आयोजना गर्ने

प्रस, वीरगंज, १४ फागुन/

वीरगंज कलेजले सोमवार पत्रकार सम्मेलन गरेर यस वर्ष पनि 'सिक्दै कमाउँदैं' कार्यक्रम अन्तर्गत दुई दिने खाना तथा सांस्कृतिक मेला आयोजना गर्ने बताएको छ।

कलेजमा पत्रकार सम्मेलनको आयोजना गरी निर्देशक डा दीपेन्द्र चौधरीले यही फागुन १८ देखि १९ गतेसम्म दुई दिन खाना तथा सांस्कृतिक मेला आयोजना भइरहेको बताए। गत वर्षको सफलतापछि विद्यार्थीहरूमा 'सिक्दै कमाउँदै'को अवधारणा र उद्यमशीलता विकास गर्न तथा पर्सा, बाराको लोक सांस्कृतिक परम्परागत खानाको प्रवर्द्धनको लागि मेला आयोजना गर्न लागेको बताए।

उनले मेलामा आयोजना हुने सबै




तस्वीर: प्रतीक

खर्च क्याम्पस र प्रायोजकहरूबाट बेहोरिने जानकारी गराए। यसमा विद्यार्थीहरूको सहभागिता मात्रै हुने र स्टलबाट हुने आम्दानीको भागीदारी विद्यार्थी हुने जानकारी गराए।

बिपी उद्यानमा दुई दिने खाना तथा सांस्कृतिक मेला आयोजना हुन लागेकोले निश्शुल्क मेला अवलोकन गर्न उनले सबैलाई आमन्त्रण गरे।

पत्रकार सम्मेलनमा क्याम्पसका निर्देशक विनोद गुप्तालगायतको सहभागिता थियो।

**विचारसार र सुक्तिहरू**

**जीवनमा सदैव प्रयास गरिरहनुपर्छ । यसले कि सफलता प्राप्त हुन्छ, अन्यथा अनुभव । यी दुवै अमूल्य चीज हुन् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# जनप्रतिनिधिहरू जिम्मेवार बन्नुस्

**दुई वर्ष अघि चुनावमा उम्मेदवार बनेकाहरूले सामाजिक सुरक्षा भत्ता घरमा पुऱ्याउने वचनबद्धता गरेका थिए । चुनावमा भोट लिनका लागि तत्कालीन जनप्रतिनिधिहरूमध्ये धेरैले सामाजिक सुरक्षा भत्ता घरमा पुऱ्याएर सहानुभूति पनि बटुले । तर चुनाव सकिएको दुई वर्ष हुन लाग्दा अहिले घरमा पुऱ्याउने कुरा त परै जाओस्, सहजरूपमा समाजिक भत्ता पाउने वातावरण तयार नगर्दा सयौं मानिस सामाजिक सुरक्षाभत्ता पाउनबाट वञ्चित हुनुपरेको छ । वीरगंज महानगरपालिकामा मात्रै ३७१ जनाले पहिलो र दोस्रो किस्ता पाउन सकेनन् । कोही अद्यावधिक नभएको कारणबाट कोही प्राविधिक त्रुटिका कारण सामाजिक सुरक्षा भत्ता पाउनबाट वञ्चित बने । प्राविधिक त्रुटिबाट वञ्चित महानगरका ७० जनाले त्रुटि सच्याएको कारण ढिलोगरी सामाजिक सुरक्षा भत्ता पाउने भएका छन् तर ३०१ जना भने वञ्चित बने । सामाजिक सुरक्षाभत्ता आठथरीका मानिसलाई वितरण गर्ने सरकारले नीति लिएको छ ।**

**ज्येष्ठ नागरिक अहिले ६८ वर्ष उमेर पुगेका, दलित ज्येष्ठ नागरिक ६० वर्ष उमेर पुगेका, विवाह नगरी बसेका ६० वर्ष पुगेका एकल महिला, विधवा, अपाङ्ग र पूर्ण अपाङ्ग, दलित बालबालिका र लोपोन्मुख जाति । सय रुपियाँबाट शुरू भएको सामाजिक सुरक्षाभत्ता अहिले मासिक चार हजार पुऱ्याइएको छ । यस अघि चौमासिक वितरण हुँदै आएको यो भत्ता अहिले त्रैमासिकरूपमा वितरण हुँदैछ । नेपाली नागरिकता प्रमाणपत्रले तोकिएको हद उमेरका मानिसहरूले वडापालिकाबाट सिफारिश गराएर पालिकामा पठाएपछि यो भत्ता पाइन्छ । सामाजिक सुरक्षा भत्ता अहिले सेवाग्राहीको नाममा बैंक खातामा सोझै पुग्छ । सामाजिक सुरक्षाभत्ताका लागि अहिले सरकारले राष्ट्रिय परिचयपत्र अनिवार्य बनाएको छ भने इएफडी सेवा पनि लिनुपर्ने व्यवस्था गरेको छ । शुरूका दिनमा वडासचिवहरूबाट यो भत्ताको दुरुपयोग बढेपछि बैंक खाता, इएफडी सेवाको व्यवस्था गरिएको हो । तीन महीनामा पालिकाले सेवाग्राहीको खातामा रकम दाखिला गरेपछि सेवाग्राहीलाई बैंकमा रकम जम्मा भएको सूचना प्राप्त हुन्छ र उसले जहिले पनि सो रकम निकाल्न सक्छ । लक्षित समूहले सामाजिक सुरक्षाभत्ता सहज पाऊन् भन्ने उद्देश्य सरकारको हो । यसका लागि सेवाग्राहीले आफ्नो वडा कार्यालयबाट वार्षिकरूपमा अद्यावधिक गराउनुपर्छ । अद्यावधिक नगरिएका सेवाग्राहीहरू यो सेवाबाट वञ्चित हुन्छन् । आफ्नो वडामा कतिजना सामाजिक सुरक्षाभत्ता लिंदै आएका छन् भन्ने तथ्याङ्क वडा कार्यालयमा हुन्छ । अद्यावधिक गर्ने क्रममा छुटेकाहरूलाई अद्यावधिक गराउन लगाउने जिम्मेवारी पनि अहिले वडा कार्यालयले वहन नगर्दा थुप्रैजना भत्ता पाउनबाट वञ्चित हुनुपरेको हो ।**

**सामाजिक सुरक्षाभत्ता लिने अधिकांश बुढापाका, अपाङ्ग, बालबालिका, एकल महिला र विधवाहरू शिक्षित छैनन् । शारीरिकरूपले पनि अशक्त उनीहरूलाई सेवा लिने वातावरण सिर्जना गर्ने जिम्मेवारी सम्बन्धित वडाध्यक्ष, सदस्यहरूको हो । कतिजनाको गुजारा अहिले यो भत्ताबाट हुँदै आएको छ । परिवारका सदस्यले पनि भत्ताका कारण ज्येष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्गहरूलाई अपहेलना गर्न छाडेका छन् । यस्तो संवेदनशील विषयमा पनि लापरवाही भइदिने हो भने जनप्रतिनिधि भनाउने अधिकार रहँदैन । तसर्थ यस्तो सामाजिक काममा जनप्रतिनिधिहरू जिम्मेवाररूपमा प्रस्तुत भइदिनुपर्छ ।**

# महिला र आर्थिक स्वतन्त्रता

स्वतन्त्र विचार



**राजेन्द्रप्रसाद कोइराला**
Phd
rajendrakoirala20@gmail.com

**सोसल मिडिया र नेटवर्किङले महिलाहरूलाई व्यापारिक, सामाजिक, र आर्थिक जगत्मा अधिक सक्रिय बनाउन थालेको छ । यो साह्रै प्रशंसनीय फडको हो । यसले उनीहरूलाई आफ्नो पेशाको विकास र नेटवर्किङको सहज पहुँच प्राप्त गर्न सक्ने सुविधा प्रदान गर्दछ ।**

आजको युगमा हामी विभिन्न स्वतन्त्रा र स्वावलम्बनको कुरा गर्ने गर्छौं। यी दुई शब्द लोकतन्त्रसँग अविच्छिन्न गाँसिएका हुन्छन् । संसार अहिले जेमिनाइ (कृत्रिम बौद्धिकता) युगमा प्रवेश गरिसकेको छ तर विश्वका केही देश आज पनि अभाव, कमी, भोकमरी, गरीबी, युद्धको त्रासदीजस्ता समस्याहरूबाट गुज्रिरहेका छन् । रूस–युक्रेन र इजरायल–हमास युद्धले संसारका धेरै मुलुकलाई आर्थिकरूपले जर्जर बनाएको अवस्था छ । अब यहाँ मैले प्रसङ्ग जोड्न खोजेको छु महिलालाई आर्थिकरूपले सबल बनाउनुपर्ने अपरिहार्यताबारे :

महिलाहरूको आर्थिक स्वतन्त्रता समाजमा महत्त्वपूर्ण हुन्छ । यसले महिलाहरूलाई समृद्धि, स्वावलम्बन र समाजको उन्नति र उन्नयनमा ठूलो मदत प्रदान गर्दछ । आर्थिक स्वतन्त्रताको अभावले महिलाहरूलाई नियन्त्रित अवस्थामा राख्छ र उनीहरूको समृद्धि र अधिकारमा बाधा पर्दछ । आर्थिक स्वतन्त्रताको अभावमा उनीहरूको मनोबल सधैं गिरेको हुन्छ । उनीहरूलाई आफ्नो भावना, इच्छा र अभिलाषा सधैं दमन गरेर राख्नुपर्ने बाध्यता हुन्छ । हाम्रो देशको कुरा गर्दा अझै पनि अधिकांश महिला आर्थिक स्वतन्त्रताबाट वञ्चित रहेको अवस्था छ ।

महिलाहरूको आर्थिक स्वतन्त्रताको साथै उनीहरूको स्वास्थ्य, शिक्षा र घरेलु आर्थिक योजनाहरूको लागि निर्णय गर्न क्षमता महत्त्वपूर्ण हुन्छ । स्वतन्त्र आर्थिकताले महिलाहरूलाई स्वतन्त्रता र आत्मविश्वास प्रदान गर्दछ जसले उनीहरूलाई अन्याय, अत्याचार, शोषणविरुद्ध आवाज उठाउन ठूलो टेवा दिन्छ । माहिलाले आफ्नो आवाज दमित पार्नुपर्ने एउटै कारण वित्तीयरूपले उनीहरू कमजोर हुनु हो । आर्थिक स्वतन्त्रताले उच्च मनोबलको विकास गर्दछ जसले एउटा पूरा परिवारको आर्थिक– सामाजिक पाटोलाई प्रोत्साहन दिन मदत गर्दछ ।

साथै महिलाहरूको आर्थिक स्वतन्त्रताले पारिवारिक, राजनीतिक तथा सामाजिक भूमिकामा पनि सकारात्मक परिणाम प्रदान गर्दछ । यसले समाजलाई आधिकारिक र समान बनाउँदछ र नेपाली समाजमा महिलाहरूको योगदानलाई महत्त्वपूर्ण बनाउँदछ । नेपाली समाजमा महिलाहरूको आर्थिक स्वतन्त्रता निम्नलिखित कारणले महत्त्वपूर्ण छ :

**परिवारिक आर्थिक सहायता:**

महिलाहरू परिवारको एक महत्त्वपूर्ण सदस्य हुन् । उनीहरूको आर्थिक स्वतन्त्रताले परिवारमा आवश्यक सहायता प्रदान गर्न सक्छ, जुन परिवारको आर्थिक सुरक्षा र समृद्धिको लागि महत्त्वपूर्ण हुन्छ ।

**स्वास्थ्य र शिक्षा:**

महिलाहरूले आर्थिक स्वतन्त्रता प्राप्त गरेमा परिवारको स्वास्थ्य र शिक्षामा योगदान दिन सक्छन् जसले परिवारको उन्नति र प्रगतिमा ठूलो टेवा पुग्छ । जब अभिभावक आर्थिकरूपले सम्पन्न हुन्छ, बालबच्चाको पालनपोषणमा कुनै व्यवधान हुँदैन ।

**विकास र समृद्धि:**

महिलाहरूले आर्थिक स्वतन्त्रता प्राप्त गर्दा, उनीहरूले आफ्नो व्यक्तिगत र पेशागत विकास गर्न सक्छन् । यसले समाजमा नयाँ विचार र समृद्धिको प्रस्फुटन हुन्छ ।

**आर्थिक असमानतामा कमी:**

महिलाहरूको आर्थिक स्वतन्त्रताले समाजमा व्याप्त आर्थिक असमानता कम हुन्छ । पछिल्लो केही समयदेखि नेपाली समाजमा रूपान्तरण र प्रविधिको प्रगतिले अहिले एउटा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । महिलाहरूको आर्थिक स्वतन्त्रता र प्रविधिको प्रगतिले नेपाली समाजमा निम्नलिखित ढाँचामा परिवर्तन देखा परिरहेको छ :

**डिजिटल वित्तीय सेवाको पहुँच :**

प्रविधिले मारेको फडकोले महिलाहरूलाई बैंकिङ, खुला लेनदेन र अन्य आर्थिक सेवाहरूमा आवश्यक पहुँच प्रदान गरेको छ । यसले महिलाहरूलाई आफ्नो कमाइको व्यवस्थापन र व्यय गर्न सक्ने आवश्यकता पूरा गर्न सहयोग पुग्छ ।

**अनलाइन व्यवसाय र रोजगार:**

प्रविधिको प्रगतिले महिलाहरूलाई अनलाइन व्यवसाय र रोजगारका नयाँ नयाँ अवसरमा पहुँच प्रदान गर्न थालेको छ । यसले उनीहरूलाई आफ्नो समय र स्थान निर्दिष्टीकरणमा मार्गचित्र प्रदान गर्दछ ।

**अनलाइन शिक्षा:**

प्राविधिक प्रगतिले अनलाइन शिक्षामा महिलाहरूको पहुँच बढाएको छ । यसले उनीहरूलाई आफ्नो पढाइको समय र स्थान निर्दिष्टीकरणमा सुविधा प्रदान गरेको छ ।

**सोशल मिडिया र नेटवर्किङ:**

सोसल मिडिया र नेटवर्किङले महिलाहरूलाई व्यापारिक, सामाजिक, र आर्थिक जगत्मा अधिक सक्रिय बनाउन थालेको छ । यो साह्रै प्रशंसनीय फडको हो । यसले उनीहरूलाई आफ्नो पेशाको विकास र नेटवर्किङको सहज पहुँच प्राप्त गर्न सक्ने सुविधा प्रदान गर्दछ । तर प्रश्न के रह्यो भने शहरका केही संभ्रान्त परिवारका महिला मात्रको सशक्तीकरणले आर्थिक स्वतन्त्रताको आग्रह पक्कै पनि पूरा हुन सक्दैन । दूरदराजका महिलाहरूको अवस्था आज पनि जस्ताको त्यस्तै छ, केही अपवाद छाडेर ।

प्राविधिक प्रगतिले महिलाहरूको आर्थिक स्वतन्त्रता र सामाजिक भूमिकामा बदलाव ल्याउँदै आएको छ । यसले समाजलाई आधिकारिक, समान र समृद्ध बनाउन पक्कै पनि ठूलो योगदान प्रदान गर्न थालेको छ ।

यसको महत्त्वलाई मध्यनजर गर्दै शिक्षित र विवेकशील महिलाहरूको जनघनत्वलाई प्रश्रय दिंदै मुलुकमा महिलाको आर्थिक स्वतन्त्राको भाष्य निर्माण गर्नु अहिलेको डिजिटलाइज्ड विश्वको अपरिहार्यता हो ।

# यह वीरगंज है भाइ !

मन्तव्य



**कुमारबन्धु रुपाखेती**

**आदि इत्यादि कुरा थाहा नहुनेहरूसमेत अहिले वीरगंजमा कट्टर हिन्दूवादी बन्दै जय श्रीराम र हर हर महादेव कराउँदै हिंडेको देखिन्छ । यो वीरगंज हो रातभर भट्टी चहार्ने, मदिरा–मांस सेवन गर्ने बेरोजगारीहरू, होहल्लामा बग्नेहरू यहाँ अधिसङ्ख्यक छन् । यह वीरगंज है भाइ !**

आजकाल वीरगंजमा हिन्दी बोल्ने खुबै भेटिन्छन् । यहाँको रैथाने भाषा भोजपुरी भएपनि हिन्दीले गाँज्दै गएको देखिन्छ । भोजपुरीभन्दा बरु यहाँ राष्ट्रिय भाषा नेपाली पनि प्रयोगमा छ । हिन्दी प्रयोग गर्नेहरू यसलाई आफ्नो शानसमेत ठान्दछन् । यदाकदा यता हिन्दीलाई कामकाजी भाषा बनाउनुपर्छ भन्ने पनि दबे स्वरमा सुनिन्छ ।

भोजपुरी भाषा उत्थानका लागि वीरगंजमा विभिन्न सङ्घसंस्था सक्रिय रहे पनि भोजपुरी बोल्नेको सङ्ख्या ज्यूँका त्यूँ छ । राजनीतिदेखि भाषासम्म सबैमा भोजपुरी पछाडि परेको छ । हुनत भोजपुरी बोल्नेहरूको सङ्ख्या वीरगंज वरपर चारैतिर छ । हिन्दी भाषा यस क्षेत्रमा धडल्लेले प्रयोग हुनुमा २०६३ तिर बेधडक नागरिकता वितरण नै हो । यह वीरगंज है भाइ !

वीरगंजको औद्योगिक विरासत कृषि औजार कारखाना पुनः सञ्चालनमा ल्याउन अभियन्ता डा महावीर पुनले थाप्लोमा आफूद्वारा लिखित किताबको चाङ राख्दै बेचिरहेको देखिन्छ । अस्ति कतारको दोहामा ल्होछार कन्सर्ट २०२४ सम्पन्न भयो । दोहाको त्यो कन्सर्टमा अनौठो दृश्य पो देखियो । हाम्रो अभियान 'स्वदेशमा उत्पाद तथा मातृभूमि नेपाल' बनाउँछौ भन्दै महावीर पुन र कृषि औजार कारखाना वीरगंजको फोटो प्लेकार्ड, र ब्यानरसहित ल्होछार कार्यक्रममा आएका नेपालीहरूले प्रत्येक नेपालीसँग कतारी एक रियालका दरले चन्दा उठाउँदा एक घण्टामा हाराहारी एक लाख ५० हजार सङ्कलन गरी राष्ट्रिय आविष्कार केन्द्रको नेपाल बैंक लिमिटेड नयाँ सडकमा रहेका खातामा जम्मा गरेर सबैलाई चकित पारिदिए । राष्ट्रिय आविष्कार केन्द्रको प्रमुख महावीर नै हुन् । कबाडमा परिणत वीरगंजको कृषि औजार कारखानालाई पुनः सञ्चालनमा ल्याउन महावीर पुन र उनको आविष्कार केन्द्र तन, मन र धनले लाग्दासमेत वीरगंजवासी यो प्रयासबारे अनभिज्ञ देखिन्छन् । महावीर पुन उनको आविष्कार केन्द्र, उनले लेखेको पुस्तकबारे पनि अधिकांश वीरगंजेली अज्ञान नै छन् । राजा महेन्द्रको पालामा रूसी सहयोगबाट निर्मित यो कारखानाबारे समेत वीरगंजवासी जानकार देखिंदैनन् । त्यसैले त म भन्छु– ये वीरगंज है भाइ !

मुन्सी प्रेमचन्दको एउटा प्रख्यात कथा छ । कथाको नाम बडेभाइ साहब हो । त्यस्तै बडे साहब बनेका हाम्रा नगर पिता चञ्चले, चुलबुले र चटपटे मानिन्छन् । इलाका तुमारा धमाका हमारा गर्न खोज्दा बेला कुबेला उनी नाङ्गेझार भएको पनि देखिन्छ । केही समययता वीरगंजका मेयरहरूले आफ्नो पूरै कार्यकाल चलाउन विभिन्न कारणवश असमर्थ भएका छन् । विमल श्रीवास्तव पटकपटक वीरगंजको प्रमुखमा जिते । २०४७ सालमा बहुदलले उनको पद खाइदियो । त्यसपछि २०६३ साल ज्ञानेन्द्रकालमा समेत उनले अधूरै कार्यकाल चलाउन पाए । अर्का गोपाल गिरी मेयर पदमा छँदै माओवादीहरूले हत्या गरिदिए भने त्यसपछिका मेयर प्रदीप सुवेदीको कार्यकाल जम्माजम्मी चार महीना रह्यो । कतिपय पालिकाका मेयरहरू कारबाईमा परेर पालिकाहरू प्रमुखविहीन भएको अवस्था छ । अरूको कुरै नसुन्ने आफ्नो मात्रै कुरा फलाकी रहने महानगरका मेयर राजेशमान बडेसाहब अचेल पत्रकारहरूसँग साखै नाराज बुझिन्छन् । पत्रकारहरूसँग छत्तीसकै आँकडा भएकाले अस्ति गोपाल गोतामे स्वर्णपदक सम्मान पुरस्कार कार्यक्रममा विषयान्तर हुँदै यिनले पत्रकारहरूबारे गिलाशिकवा गर्दै भाषण खल्लास गरे । होला मगन्ते प्रवृत्तिका कोही कोही पत्रकारहरूले यिनीसँग रुपियाँ पैसाको याचना गर्दा होलान् तर स्पष्ट पनि नभन्ने र सबैलाई एउटै तराजुमा तौलिने उनको हचुवा ताल धेरैलाई मन परेन । मलाई त लाग्छ यिनलाई कतै आफ्ना अग्रज मेयरहरू श्रीवास्तव र सुवेदीझैं आफ्नो हुँदोखाँदोको मेयर पदसमेत आधा अधूरै लिलामीमा चढ्छ कि भन्ने त्रास छ कि क्या हो ! अगुल्टोले झोसेको कुकुर बिजुली चम्किदा तर्सिन्छ रे । यहाँ जे पनि हुन सक्छ । क्योंकि यह वीरगंज है भाइ !

मन्दिरको बाहिरपट्टि काठले निर्मित आकर्षक र भव्य रथ घामपानी खाएर लावारिस ठिङ्ग खडा देखिन्छ । यो रथ हाम्रो रगत पसिनाको रकमले निर्माण भएको हो । त्यसो त अहिले गहवा मन्दिरको बाहिरी क्षेत्र भिखमङ्गाहरूको कब्जामा परेको देखिन्छ । बाहिर लालाबालासहित सपरिवार बसेका भिखमङ्गाहरूले दर्शनार्थीहरूलाई हायल कायल पार्ने, मन्दिर बाहिरको क्षेत्रलाई फोहरमैला गरेर दूषित बनाएको पाइन्छ । मन्दिर घेरेर बसेका यस्ता मगन्तेहरूका बालबच्चाको खेल्ने साधन पनि बनेको छ त्यो भव्य रथ । यति मात्र होइन, रथको तल सुत्ने–सुताउने घाम छेक्ने झिटीगुन्टा राख्ने कन्तुर र खेलौना बनेको छ त्यो काठेरथ । अनि मन्दिरको उत्तर दक्षिणमा महानगरले सवारी साधन प्रवेश निषेध गर्दै गाडेका फलामे बार मोटरसाइकिल पार्किङ क्षेत्रमा परिणत भएकोले फलामे बार पार गरेर मन्दिर जान हम्मेहम्मे पर्न थालेको छ । जे होस् हाम्रो रगत पसिनाको रकमले श्रद्धापूर्वक बनाइएको त्यो प्रख्यात भव्य रथ कमसेकम दीनदुःखीहरूको रक्षक त बनेको छ । अमेरिका, युरोपमा त होमलेस (घरबहारविहीन)हरू ह्युमपाइपभित्र सुतेको पाइन्छ । यह वीरगंज है भाइ ! भिखमङ्गा तब करता है, भुस्याहा कुत्ता जब काटता है, मच्छर के चलते जाडा में मच्छरदानी (झुल)का प्रयोग करता है, करना पडता है, अभी से रातको सोते समय पङ्खा चलाना पडता है और त और दश–बीस आदमीका उत्तावला झुन्ड बिना बजार–दुकान बन्द करा देता है । क्योंकि यह वीरगंज है भाइ !

अयोध्यामा राम मन्दिर निर्माण भएपछि वीरगंजका हिन्दूहरू पनि चहचह भएका छन् । शङ्ख किन फुकिन्छ, नित्य पूजा अर्चना कसरी गरिन्छ, कुन देवी देवताको पहिले किन र कसरी पूजा गरिन्छ, धर्मकर्ममा प्रयोग हुने सालको पातको दुना, बोता, टपरी, चारकुनेको प्रयोग थाहा हुँदैन । गीता, रामायण, महाभारतको सार थाहा छैन, टीका अक्षता किन लगाइन्छ, कुन देवीदेवतालाई कुन रङको फूल चढाइन्छ, कपाल टाउकोमा शिखा (टुप्पी) किन राखिन्छ, पञ्चामृत, तुलसी शालिग्रामको महत्त्व थाहै छैन । जस्ता आदि इत्यादि कुरा थाहा नहुनेहरूसमेत अहिले वीरगंजमा कट्टर हिन्दूवादी बन्दै जय श्रीराम र हर हर महादेव कराउँदै हिंडेको देखिन्छ । यो वीरगंज हो रातभर भट्टी चहार्ने, मदिरा–मांस सेवन गर्ने, बेरोजगारीहरू होहल्लामा बग्नेहरू यहाँ अधिसङ्ख्यक छन् । यह वीरगंज है भाइ !

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# लोसपाका वरिष्ठ नेता महतोद्वारा पार्टी परित्याग

काठमाडौं, १४ फागुन/रासस

लोकतान्त्रिक समाजवादी पार्टी




(लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले पार्टी परित्याग गरेको घोषणा गरेका छन्।

वरिष्ठ नेता महतोले आज यहाँ पत्रकार सम्मेलन गरी औपचारिकरूपमा सो पार्टी परित्याग गरेको घोषणा गरेका हुन्। पार्टी परित्यागसँगै उनले 'राष्ट्रिय मुक्ति क्रान्ति' नामक अभियान घोषणा गरेका छन्।

केही समयदेखि लोसपा नेतृत्वसँग असन्तुष्ट रहँदै आएका नेता महतोले पत्रकार सम्मेलनमार्फत पार्टी परित्यागसहित औपचारिकरूपमा 'राष्ट्रिय मुक्ति क्रान्ति' नामक अभियानको घोषणा पनि गरेका थिए।

नेता महतोले आफूले आज घोषणा गरेको अभियान, सङ्घर्ष र विद्रोहका रूपमा अगाडि बढ्ने पनि बताए। आफूले लोसपा परित्याग गरे पनि उक्त क्रान्तिमार्फत राजनीतिमा सक्रिय रहने उनको भनाइ थियो।

पार्टी परित्याग गर्नुपर्ने कारणबारे उनले भने–"जुन आशा र अपेक्षा अनुसार हामीले लोसपाको विकास गर्न खोजेका थियौं, त्यसरी सो पार्टीले मुलुकलाई निकास दिन सक्ने अवस्था देखिएन। मधेस र समग्र देशका नागरिकका अपेक्षा अनुसार सो पार्टीले काम गर्न सकेन। त्यसैले मैले पार्टी परित्याग गरेर नयाँ क्रान्तिको शुरूआत गरेको हुँ।"

# विनाप्रतिस्पर्धा वीर अस्पतालद्वारा औषधि खरीद

काठमाडौं, १४ फागुन/रासस

वीर अस्पतालले फार्मेसीका लागि विनाप्रतिस्पर्धा औषधि खरीद गरेको पाइएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज गरेको अनुगमनका क्रममा त्यस्तो पाइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत रविकान्त मिश्रले जानकारी दिए।

अस्पताल प्रशासनले भने तीनवटा फार्मेसीका लागि औषधि प्रक्रिया पूरा गरेरै खरीद गरेको दाबी गरेपनि अनुगमनका क्रममा भने २०७८ देखि पुरानै सम्झौता अनुसार खरीद भइरहेको पाइएको उनको भनाइ छ।

अनुगमन टोली सदस्यसमेत रहेका वरिष्ठ जनस्वास्थ्य अधिकृत मिश्रले भने–"विसं २०७८ देखि हालसम्म बोलपत्र आह्वान नगरी औषधि खरीद भइरहेको अनुगमनका क्रममा देखिएको छ।"

उनले अनुगमनका क्रममा अत्यावश्यक औषधि फार्मेसीमा नभएको, अनावश्यक औषधि स्टोरमा राखेको, म्याद सकिएको औषधि फिर्ता नगरी धेरै मात्रामा राखेको, फार्मेसीको स्टोरमा पालना गर्नुपर्ने न्यूनतम मापदण्ड पनि पालना नगरेको पाइएको जानकारी दिए।

वीर अस्पतालका निर्देशक सन्तोष पौडेलले फार्मेसीको नेतृत्व यसबीच तीन पटक परिवर्तन भएकोले बोलपत्र आह्वानमा समस्या देखिएको बताए। उनले केही औषधि खरीदका लागि भने बोलपत्र आह्वान भइसकेको जानकारी दिए।

"बीमाबाट आउनुपर्ने रकम छ महीनासम्म पनि नआउँदा आपूर्तिमा समस्या भएको हो। अन्यत्रबाट सोझै खरीद गरी ल्याउन सकिन्न"–उनले भने–"आपूर्तिकर्तासँग अत्यावश्यक औषधि खरीदका लागि पटक–पटक छलफल गर्दा पनि भुक्तानी नभएकोले आपूर्ति रोकिएको छ।"

निर्देशक पौडेलले प्राविधिक जनशक्ति अभावले अस्पतालद्वारा सञ्चालित तीन वटा फार्मेसी चौबीस घण्टा सञ्चालन गर्न नसकिएको पनि बताए। उनले एउटा काउन्टर २४ घण्टा सञ्चालन गरे पनि दुईवटा काउन्टर भने बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र सञ्चालन भइरहेको जानकारी दिए।

निर्देशक पौडेलले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको निर्देशनमा फार्मेसी भवन निर्माणका लागि खालि ठाउँमा टहरा निर्माणको ठेक्का लगाउने प्रक्रिया अगाडि बढाइएको जानकारी दिए। "केही दिनमा टहरा निर्माण र बोलपत्र आह्वान गरी औषधि आपूर्ति पनि भइसक्छ"–उनले भने–"जनशक्ति थप गरेपछि अहिलेको समस्या ९० प्रतिशत समाधान हुनेछ।"

# बजेटको सिद्धान्त र प्राथमिकतामाथि फागुन २१ देखि छलफल हुने

काठमाडौं, १४ फागुन/रासस

आर्थिक वर्ष २०८–र ८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा यही फागुन २१ गतेदेखि छलफल हुने भएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले आर्थिक वर्ष २०८१–८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (करबाहेक) प्रस्ताव प्रस्तुत गरेका थिए। उक्त विषयमा यही फागुन २१ गतेदेखि छलफल हुने बताइएको छ।

सभामुख देवराज घिमिरले आर्थिक वर्ष २०८१–८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल यही फागुन २१, २२, २३, ३० र आगामी चैत १, २ र ४ गतेको समय तोकेका छन्। उक्त छलफलमा दलीय प्रतिनिधित्वका आधारमा भाग लिन सम्बधित संसदीय दलका पदाधिकारीहरूले आआफ्ना दलका वक्ता सदस्यहरूको नाम बैठक बस्नु एक घण्टा अघि नै सङ्घीय संसद् सचिवालयमा टिपाउन बैठकमा जानकारी गराए।

बैठकमा सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेले राष्ट्रियसभामा उत्पत्ति भएको 'विधायनसम्बन्धी विधेयक, २०८०' का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल गरे। प्रतिनिधिसभाको अर्को बैठक यही फागनु १८ गते ११ बजे बस्नेछ।



**जोखिम मोलेर मह काढ्दैः** दाङको घोराही उपमहानगरपालिका १५ स्थित भरतपुरका स्थानीयको घरमा जोखिम मोलेर जङ्गली माहुरीको मह काढ्दै सुनसरीका मदनकुमार यादव।। तस्बिर : कुलदीप न्यौपाने/रासस

# अफ्रिकन स्वाइन फिवरबाट पशुलाई बचाउन उच्च सतर्कता

चितवन, १४ फागुन/रासस

बङ्गुरलाई अफ्रिकन स्वाइन फिवरबाट बचाउनका लागि उच्च सतर्कता अपनाउन किसानलाई आग्रह गरिएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जिल्लामा बङ्गुर पाल्दै आएका कृषकलाई सो रोग लाग्न नदिन उच्च सतर्कता अपनाउन आग्रह गरेको हो।

कार्यालयका अधिकृत दीपचन्द्र घिमिरेका अनुसार जिल्लामा यो रोग फैलन नदिन नाकाहरूमा कडाइ गरिएको छ। प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको सङ्क्रमण रोग नियन्त्रण समितिले परिपत्र गरेर जिल्लाका कुनै पनि नाकाबाट बङ्गुर र सोसँग सम्बन्धित अन्य पदार्थ भित्रिन नदिन निर्देशन गरे अनुसार सबै नाकामा कडाइका साथ जाँच गरिएको उनको भनाइ थियो।

अधिकृत घिमिरेले भने–"अहिलेसम्म जिल्लामा यो रोग देखिएको छैन। उच्च सतर्कता अपनाउन सके बचाउन सकिन्छ।" अहिले जिल्लाका केही फार्ममा क्लासिकल स्वाइन फिवर देखिए पनि अन्य रोग नदेखिएको र यो रोग भने निवारण गर्न सकिने उनले जानकारी दिए। इच्छाकामना गाउँपालिका र कालिका नगरपालिकाका केही फार्महरूमा क्लासिकल स्वाइन फिवरको सङ्क्रमण देखिएको छ।बङ्गुर पाल्ने कृषकसँगको छलफलमा यो रोगबाट बच्नका लागि बङ्गुरलाई खोरमा थुनेर पाल्ने, खोरमा अनावश्यक मानिसको आवतजावत रोक्ने, फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गर्नेजस्ता उपाय अपनाउन कार्यालयले आग्रह गरेको अधिकृत घिमिरेले बताए।

बाहिरको बथानबाट नयाँ बङ्गुर ल्याएमा सीधै फार्ममा रहेका बङ्गुरसँग नमिसाई २१ दिनसम्म क्वारेन्टाइनमा राख्ने र रोग नदेखिएपछि मात्र बथानमा मिसाउने, बङ्गुरको खोर तथा फार्म वरिपरि नियमित चुना, फिनेल, फर्मालिन,




ब्लिचिङ पाउडर आदिले निःसङ्क्रमण गर्नुपर्ने हुन्छ।

यो रोग फ्लु भाइरसका कारण लाग्ने भएकोले उच्च सतर्कता र निगरानी बढाउन किसानमा कार्यालयले अनुरोध गरेको हो। यो रोग नेपालमा पहिलोपटक विसं २०७९ जेठ २ गते पुष्टि भएको थियो। गत वर्ष जिल्लामा अफ्रिकन स्वाइन फिवरबाट ठूलो क्षति भएपछि अहिले शुरूआती समयमैं सावधानी अपनाउन अनुरोध गरिएको हो। गत वर्ष यहाँका नौवटा कृषि फार्मका बङ्गुर यस रोगबाट मरेका थिए।

घरपालुवा सुँगुर, बँदेल, बङ्गुर प्रजातिमा अफ्रिकन स्वाइन फिवरको भाइरसले सङ्क्रमण गरेर गत वर्ष धेरै पशुको मृत्यु भएको थियो। यो रोग सङ्क्रमित सुँगुर र बङ्गुरबीच प्रत्यक्ष सम्पर्कबाट, रोगी बङ्गुरको र्‍याल, मलमुत्र, रगत, मासु र लसपस भएको दानापानीबाट, त्यस्ता बिरामी बङ्गुरको ओसारपसार वा किनबेच गर्दा, सङ्क्रमण भएको खोरमा काम गर्ने कामदार वा सङ्क्रमित खोरमा गएको मानिसले प्रयोग गरेको लुगाकपडा, जुत्ताचप्पल आदिको प्रयोगबाट पनि सर्ने गर्दछ।

यो रोग लागेका बङ्गुरहरू एकै ठाउँमा थुप्रिएर बस्ने, शरीरमा नीला डाम देखापर्ने, कानका टुप्पामा रगत जमेका धब्बा देखिने, नाकबाट फिँज निकाल्ने, उच्च ज्वरो (१०४ देखि १०७ डिग्री फरेनहाइट) आउने, कान, पुच्छर र पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, झोक्राउने, दानापानी खान छोड्ने, बान्ता गर्ने, छटपटाउने, धरमराउने र बच्चा तुहिनेजस्ता लक्षण देखा पर्दछ।

# नेप्से परिसूचक १३ अङ्कले बढ्यो

काठमाडौं, १४ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १३.२८ अङ्कले उकालो लागेर १९९२.३० मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.१४ अङ्कले उकालो लागेर ३५५.९७ मा पुगेको छ।

कारोबार भएका कुल १३ उपसमूह मध्ये तीन उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा १० उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ। विभिन्न कम्पनीका कुल ५९ लाख ८८ हजार सात सय १७ कित्ता शेयर रु दुई अर्ब एक करोड ७७ लाख ३९ हजार ६० मूल्यमा खरीद बिक्री भएको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ।

सो कम्पनीको रु नौ करोड ७१ लाख ८० हजार दुई सय २९ मूल्य बराबरको शेयर कारोबार भयो।

हिमालयन रिइन्स्योरेन्स रु सात करोड ७५ लाख तीन हजार आठ सय २२, शिवम् सिमेन्ट रु छ करोड ६७ लाख ६७ हजार पाँच सय २८, गुर्खाज फाइनान्स रु छ करोड २६ लाख ६४ हजार १८ र सन नेपाल इन्स्योरेन्सको रु छ करोड १८ लाख सात हजार नौ सय १८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजुको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। मनकामना स्मार्ट लघुवित्त ८.१६, नेपाल वेयर हाउस कम्पनी ७.६५, सोनापुर मिनरल्स ७.३५ र सिवाइसी नेपाल लघुवित्तका लगानीकर्ताले ६.७२ प्रतिशतले कमाएका छन्।

यस्तै समाज लघुवित्त १०, बिपीडब्ल्यू ८.७७, किसान लघुवित्त ५.५६, गुर्खाज फाइनान्स ५.३५ र ग्लोबल आइएमई ब्यालेन्स फन्ड पहिलोका लगानीकर्ताले ३.६० प्रतिशतले गुमाएका छन्।

# सुन तस्करी प्रकरणमा कलेज सञ्चालक पक्राउ

काठमाडौं, १४ फागुन/रासस

सुन तस्करी प्रकरणमा एकजना कलेज सञ्चालक पक्राउ परेका छन्। केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले पर्वत फूलबारी–२ घर भएका काठमाडौंको डिल्लीबजार कालिकास्थानस्थित प्लाटिनम कलेजका कार्यकारी अध्यक्ष जीवनकुमार गुरुङलाई आज पक्राउ गरेको छ।

दुबईबाट १४ किलो सुन तस्करी गरेर ल्याएको घटनाको छानबीन र अनुसन्धानका क्रममा गुरुङ योजनाकार रहेको पत्ता लागेपछि गुरुङलाई सामाखुसीबाट पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रवक्ता तथा प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए।

उनले भने–"दुबईबाट १४ किलो सुन तस्करी गरेर ल्याएको घटनामा पक्राउ पुर्जी जारी भएपछि गुरुङ फरार थिए। उनी आज पक्राउ परेका छन्।" गुरुङलाई भन्सार कार्यालयको जिम्मा लगाउने तयारी भइरहेको जनाइएको छ।

# डलर देखाएर ठगेको रकम मुद्दती खातामा प्रयोग

काठमाडौं, १४ फागुन/रासस

एउटा गिरोहले १० वर्षदेखि डलर देखाएर ठगी गर्ने गरेको पाइएको छ। नेपाल प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार उनीहरूले बाहिर डलर राख्ने र भित्र सोही आकारका कागज राखेर डलर साट्ने भनी नेपाली रुपियाँ लिएर लाखौं ठगेको पाइएको छ।

सिन्धुपाल्चोकका रामबहादुर तामाङ, सोही जिल्ला घर भई काठमाडौंको गोकर्णेश्वर बस्ने विवी तामाङ र रौतहट चन्द्रपुर घर भई काठमाडौं बस्ने फरेन एक्सचेन्ज सेन्टरका सञ्चालक शङ्कर रेग्मीको मिलेमतोमा वर्षौंदेखि ठगी धन्दा चलाउँदै आएका अनुसन्धानबाट पुष्टि भएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए। यसरी ठगी गरिएको रकम विभिन्न सहकारीमा लगेर मुद्दती खातामा राख्ने गरेको र केही रकम मिटरब्याजमा समेत लगानी गरेको भेटिएको उनले बताए।

प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार उनीहरूले उपत्यकाको विभिन्न स्थानका व्यक्तिलाई फोन सम्पर्क गरी सस्तो दरमा अमेरिकन डलर मिलाई दिन्छौं भनी प्रलोभन देखाएर डलरको आकारमा काटिएको कागजको बिटो रूमालमा पोको पारेर दिई नेपाली रुपियाँ ठगी गर्ने गरेका थिए।

"दश वर्षदेखि कति ठगी गरेका छन् भन्ने कुरा अनुसन्धानकै क्रममा छ। गिरोहका केही योजनाकारलाई समातेका छौं। अन्यको खोजी जारी छ"–रेग्मीले भने। तीनजनालाई समातिएको भन्दै यसबारे थप अनुसन्धान जारी रहेको उनले बताए।

रेग्मीका अनुसार उनीहरूले चलाखी गरी आफू घटनास्थलमा देखा नपरी विभिन्न व्यक्तिलाई प्रयोग गरेर ठगी धन्दा चलाउँदै आएका छन्। त्यस गिरोहले ठमेलस्थित फरेन एक्सचेन्ज सेन्टरमा लगेर ठगीमा प्रयोग हुने डलर साट्ने गरेको अनुसन्धानका क्रममा खुलेको उनले बताए। "त्यहीं डलरको आकारमा कागज काटेर मिलाउने गरेको खुलेको छ"–रेग्मीले भने।

तामाङको साथबाट ७१ हजार नेपाली रुपियाँ र ६०७ अमेरिकी डलर तथा डलर मिलाइदिने व्यक्ति फरेन एक्सचेन्ज सेन्टर प्रालिका सञ्चालक रेग्मीबाट रु तीन लाख र पाँच सय ८३ डलर बरामद गरिएको प्रहरीले जनाएको छ।

# समयमैं निर्माण हुनेमा उत्साही छौं– पटेर्वावासी

टीकाराम सुनार र सुदीप राउत
जनकपुरधाम, १४ फागुन/रासस

धनुषाको सबैला नगरपालिका–४ र सिरहाको कल्याणपुर नगरपालिका–५ जोड्न कमला नदीमा छ सय मिटर लामो पक्की पुल निर्माण हुने भएपछि स्थानीयले प्रसन्नता व्यक्त गरेका छन्। गत शनिवार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुलको शिलान्यास गरेसँगै स्थानीयले वर्षौंपछिको समस्या समाधान हुने भन्दै खुशीयाली व्यक्त गरे।


तस्वीरः रासस

सबैला नगरपालिका–४ का अध्यक्षसमेत रहेका सत्यनारायण यादवले आफूले बाल्यकालमैं पटेर्वाघाटमा पुल बन्ने हल्ला सुने पनि अहिले आएर पुल निर्माणले साथर्कता पाउने अवस्था आएको बताए। प्रधानमन्त्री दाहालले पुलको शिलान्यास गर्दै व्यक्त गरेका प्रतिबद्धतापछि स्थानीयसँगै आफू पनि समयमैं पुल निर्माण हुनेमा आशावादी बनेको उनले बताए।

"बाल्यावस्थामैं पुल बन्छ भन्ने सुनिएको हो तर ढिलै भए पनि निर्माण शुरू भएको छ। अब निर्धारित समयमैं पुल बनाएर कमला नदी (पटेर्वाघाट) को समस्या सधैंका लागि समाधान गर्नुपर्छ"–यादवले भने– "प्रधानमन्त्रीको प्रतिबद्धतापछि हामी उत्साहित छौं। त्यसलाई निराशामा परिणत नहुनेगरी बजेटलगायतको बन्दोबस्त गर्न हाम्रो आग्रह छ।"

कल्याणपुर नगरपालिका–५ का अध्यक्ष कुलदीपकुमार यादव पनि पुल निर्माणको खबरले त्यहाँका जनता निकै उत्साहित भएको बताउँछन्। उनले वर्षौंदेखि भोग्दै आएको समस्या समाधान र नदी किनारका नागरिकलाई जोड्न निर्धारित समयमैं पुल निर्माण सम्पन्न गर्न आग्रह पनि गरे। "पुल निर्माण हुने भनेपछि हामी उत्साहित भएका छौं। तर त्यही खोलाको अर्को पुल १२ वर्षसम्म पनि नबनेको पीडा पनि देखेका छौं। समयमा काम हुँदैन भनेर जनतामा रहेको विश्वास तोड्न पनि यो पुल समयमैं बनोस्"–वडाध्यक्ष यादवले राससँग भने।

राससँग कुरा गरेका स्थानीय कारीखर्गा यादव, कुमारी महरा, झिमनिया यादव, कलठरिया यादव र विना यादवले पनि प्रधानमन्त्रीले समयमैं पुल बन्छ भनेर आश्वासन दिएपछि आफूहरू उत्साहित भएको तर त्यो वचन पूरा हुन्छ कि हुँदैन भन्ने संशय भने कायमै रहेको बताए।

महराले भने–"नदीले हामीलाई छुट्याए पनि दुवैतर्फका नागरिकका आफन्त, घरजग्गा वारिपारि छन्। अहिलेसम्म निकै जोखिम मोलेर वारपार गरिरहेका छौं। वर्षायाममा त प्रत्येक पटक रु दुई सयसम्म भाडा तिरेर डुङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्छ। त्यसबाट मुक्तिका लागि सरकार गम्भीर बनोस्।"

झिमनिया यादवले त आगामी साढे तीन वर्षभित्रै पुल बन्छ भनेको सुन्दा पनि अहिलेसम्मका सबै सास्तीबाट मुक्ति मिलेकोजस्तो आभास भएको बताइन्। "पुल नहुँदाको पीडा भनी साध्य छैन। जुगौंदेखि सास्ती भोगिरह्यौं। स्थानीय नेता र प्रधानमन्त्रीले नै अब पुल बन्छ भन्ने आश्वासन दिएपछि केही आशा पलाएको छ। बिन्ति छ यो आशालाई निराशामा परिणत हुन नदिनुहोला"–उनले भनिन्।

स्थानीय कारिखर्गा यादव पनि वर्षायाममा कमला नदीले दिएको दुःख सम्झँदा उदेक लाग्ने गरेको तर अब भने सरकारले पीडा बुझेकोले आशा पलाएको सुनाए। "यत्रो वर्ष दुःख भोगियो। अब त साढे तीन वर्ष मात्रै त हो !"–उनले खुशी हुँदै भने–"तर, बिन्ती छ त्योभन्दा बढी दुःख भोग्न बाध्य नपार्नुहोला।"

कल्याणपुर नगरपालिका सिरहाका प्रमुख रामपुकार साहले स्थानीय जनताको मागबमोजिम लामो समयपछि पुल बन्न लागेकोमा आफू पनि निकै खुशी र आशावादी बनेको बताए। उनले यो पुल त्यस क्षेत्रका जनताको विकास, सहज आवागमन र वर्षौंदेखिको समस्या निवारण हुने सपनासँग जोडिएकोले सोही अनुसार निर्धारित समयमैं काम सम्पन्न हुनुपर्ने बताए।

"अलि तल हुलाकी सडक अन्तर्गत कमला नदीमाथिको पुल वर्षौंदेखि बन्न नसकेको बेला फेरि यहाँ पुल बन्दैछ। त्यसैले विभिन्न शङ्काउपशङ्का त छन् तर अब भने जनताको विश्वास र सपना तोड्नुहुँदैन। सरकार र सम्बन्धित मन्त्रालयले बजेट व्यवस्थापन, नियमित निगरानी र समयमैं काम सम्पन्न गर्ने वातावरण बनाउनुपर्छ। त्यसमा हामी पनि जोडतोडका साथ लाग्छौं"–नगरप्रमुख साहले भने।

**लागत रु एक अर्बभन्दा बढी**

स्थानीय जनताको सपनासँग जोडिएको बहुप्रतीक्षित यो पुल अबको ४२ महीनाभित्रै निर्माण गरिसक्नुपर्नेछ। सोही अनुसार सम्झौता पनि भइसकेको छ। तर कुल रकम रु एक अर्ब ११ करोड पाँच लाख ७४ हजार आठ सयमा ठेक्का भएको सो योजनाका लागि चालू आर्थिक वर्षमा ६५ लाख मात्रै बजेट विनियोजन गरिएको छ।

योजनाको लागत धेरै, तर चालू आर्थिक वर्षका लागि निकै कम बजेट विनियोजन गरिएकोले कतै बजेटको अभावमा काम नहुने त होइन भन्ने चिन्ता छ। तर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभाग पुल सेक्टर काठमाडौंका योजना प्रमुख डिभिजनल इन्जिनीयर आरती साह योजना कार्यान्वयनका लागि बजेट अभाव नहुने बताउँछिन्।

उनी यस्ता प्रकृतिका योजनामा शुरूमैं सबै बजेट विनियोजन नभए पनि बजेटको अभाव नहुने बताउँछिन्। "चालू आवमा रु ६५ लाख मात्रै विनियोजन गरिएको छ। यस हिसाबले त निर्माण कम्पनीलाई एउटा मेशीन ल्याउने पैसा पनि पुग्दैन भन्ने गुनासो हामीले पनि सुनेका छौं तर यही आर्थिक वर्षमा रकमान्तर गरेर बजेट बढ्छ र आगामी आर्थिक वर्षमा अझ बढी बजेट विनियोजन हुन्छ।"

त्यसैमा गत शनिवार प्रधानमन्त्री दाहालले पुल शिलान्यास र समयमैं सम्पन्न गर्नका लागि आफ्नो सम्पूर्ण सहयोग रहने प्रतिबद्धता जनाएपछि आफूहरू थप उत्साहित भएको साहले बताइन्। उनी जनविश्वास जित्नका लागि पनि कुनै प्रश्न नउठ्नेगरी समयमैं पुल निर्माण गरिसक्ने बताउँछिन्।

"स्थानीय जनताको आवश्यकता अनुसार हामी द्रुतगतिमा काम गरिरहेका छौं। एक वर्षभित्र पाइल फाउन्डेशनको काम सम्पन्न गर्ने र सकेसम्म विसं २०८२ को माघ अघि नै सम्पूर्ण योजनाको काम सक्ने हाम्रो जोड हुन्छ"–योजना प्रमुख साहले राससँग भनिन्–"यस कार्यमा प्रधानमन्त्री, विभागीय मन्त्री र सबै तहको दबाब र विश्वास पनि छ। त्यस हिसाबले हामी दत्तचित्त भएर काम गर्छौं।"

हुनत शिलान्याशपछि आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले पनि आगामी आर्थिक वर्षको बजेटमा पर्याप्त बजेट विनियोजन हुने र बजेट अभावका कारण योजना सम्पन्न गर्न कुनै समस्या आउन नदिने प्रतिबद्धता व्यक्त गरेका थिए। "पुलका लागि आगामी वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा विशेष व्यवस्था हुनेछ"–प्रधानमन्त्रीले विश्वास दिलाएका थिए।

साढे तीन वर्षभित्र पुल निर्माण गरिसक्ने गरी गत वर्ष अर्थात् विसं २०७९ असार २९ गते ठेक्का सम्झौता भइसकेको छ। सम्झौता अनुसार विसं २०८२ माघ ५ गते (४२ महीना) भित्र पुल निर्माण सम्पन्न गरिसक्नुपर्नेछ।

कञ्चनवन–जानकी मेडिकल मिथिलेश्वर सबैला एनएच २९ नाम दिइएको योजना निर्माणको काम श्री इलाइट एसबिएजेभी, काठमाडौंले गरिरहेको छ। गत भदौ १८ गते पुलको डिजाइन स्वीकृत भई हाल 'पाइल फाउन्डेशन' को काम चलिरहेको छ।

दुई लेनको सो पुलमा १० वटा स्पान रहने छ भने एउटा स्पानको लम्बाइ ६० मिटर हुनेछ। पुलको चौडाइ ११ मिटर रहने छ। पुलको दायाँबायाँ ९५० मिटर पहुँच सडक, दुवैतर्फ ४२०० मिटर नदी नियन्त्रण हुने गरी व्यवस्थापन कार्य हुने सम्झौतामा उल्लेख छ।

यो पुलले धनुषाको छिरेश्वर नगरपालिका रमदैया भवाडीस्थित जानकी मेडिकल कलेज शिक्षण अस्पताल हुँदै जाने सडक सिरहाका सुखीपुर जोड्ने छ। त्यसबाट स्थानीय जनतालाई हुलाकी सडक भएर जानुपर्ने बाध्यता पनि हट्ने छ।



**जनकपुरधाम आसपास क्षेत्रः** जनकपुरधामस्थित पवित्र सरोवर गङ्गा सागर, धनुष सागर, स्वर्गद्वारी, जानकी मन्दिरलगायत आसपास क्षेत्रको हवाई दृश्य। तस्बिर : अमरेन्द्रकुमार यादव/रासस

## फरक समाचार

# सबैभन्दा शान्त पाँच देश

हरेक वर्ष संसारका सबैभन्दा शान्त देशको सूची जारी गरिन्छ। शान्त देश त्यस्ता देशलाई भनिन्छ जहाँको वातावरण शान्त छ, त्यहाँका व्यक्तिहरू सन्तुष्ट छन् र गत एक वर्षमा त्यस देशमा कुनै विवाद, हिंसा, विरोध भएको छैन।

संसारको सबैभन्दा शान्त देशको पहिलो सूचीमा आइसल्यान्ड परेको छ। गत वर्ष आइसल्यान्डमा कुनै विवाद वा हिंसा भएको छैन। यहाँका व्यक्ति निकै खुशी र तनावरहित महसूस गर्छन्। आइसल्यान्ड गत १४ वर्षदेखि सबैभन्दा शान्त देशको सूचीमा पहिलो स्थानमा छ। यहाँका बासिन्दामा राम्रो रोजगारको अवसर छ, उत्कृष्ट जीवनशैली भएको कारण यहाँको जनता सन्तुष्ट छ, जसले गर्दा यहाँ कुनै प्रकारको विरोध र विवाद हुने गरेको छैन।



दोस्रो सूचीमा डेनमार्क परेको छ। यहाँका नागरिक आफूलाई निकै सुरक्षित महसूस गर्छन्। सन् २०१७ को ग्लोबल पिस इन्डेक्सको सूचीमा डेनमार्क पाँचौं स्थानमा थियो, त्यसपछि सन् २०१९ को सूचीमा यो पहिलो स्थानमा र त्यसपछि सन् २०२४ मा दोस्रो स्थानमा परेको छ।


तेस्रो स्थानमा आयरल्यान्ड परेको छ। यहाँका व्यक्ति शान्तिले जीवनयापन गर्छन्। राम्रो रोजगार छ जसले गर्दा यहाँको जनता सन्तुष्टिपूर्वक जीवनयापन गर्दै आएको छ।

न्युजिल्यान्ड चौथो स्थानमा परेको छ। यो प्रशान्त महासागरको बीचमा बसेको छ। यसभन्दा अघि न्युजिल्यान्ड दोस्रो स्थानमा थियो। तर सन् २०२४ मा यो देश चौथो नम्बरमा पुगेको छ।

युरोपियन देश अस्ट्रिया संसारको सबैभन्दा शान्त देशको सूचीमा पाँचौ नम्बरमा परेको छ। यहाँको जनसङ्ख्या अन्य युरोपेली देशको तुलनामा निकै कम छ। जसले गर्दा यहाँ शान्ति कायम छ।

# के हो स्माइलिङ डिप्रेशन

अवसाद विभिन्न प्रकारको हुन्छ जसमध्ये एउटा हो स्माइलिङ डिप्रेशन। यो एक प्रकारको अवसाद हो जसबाट ग्रस्त व्यक्ति बाहिरबाट खुशी र सन्तुष्ट देखिए पनि भित्रभित्रै निकै दुःखी हुन्छ। यस्ता व्यक्ति अन्य व्यक्तिसँग भेट हुँदा हाँसेर कुराकानी गर्छन् तर आफ्नो दुःख, व्यथा हाँसोभित्र लुकाएर राखेका हुन्छन्। त्यसैकारण यसलाई स्माइलिङ डिप्रेशन भनिन्छ।



**लक्षण**–भोक कम लाग्ने, वजन बढ्ने र निद्रामा परिवर्तन आउँछ। सुस्ती र थकान महसूस हुन्छ। निराशाको भावना देखिन्छ। आत्मसम्मान र आत्मविश्वासमा कमी हुन्छ। पहिलेदेखि गर्दै आएको काम गर्न रुचाउँदैनन्।

**कारण**– कुनै पनि काममा असफल हुँदा, कुनै सम्बन्ध वा विवाहपछिको सम्बन्धमा समस्या आउँदा, आर्थिक समस्या देखिएपछि यस प्रकारको डिप्रेशनबाट व्यक्ति ग्रस्त हुन्छ।

स्माइलिङ डिप्रेसनबाट ग्रस्त व्यक्ति सार्वजनिकरूपले आफूलाई सुखी भएको देखाए पनि भित्रभित्रै निकै दुःखी हुन्छन्। यस्ता व्यक्तिहरूको गतिविधि राम्रो हुन्छ। स्वस्थ परिवार, राम्रो जागीर, आशावादी, हँसिलो देखिने गर्दछन्। यस्ता व्यक्ति बिहान उठ्न सक्दैनन्। ऊर्जाको कमी महसूस गर्छन्। यदि कसैले यस प्रकारको अवसाद अनुभव गरिरहेको छ भने त्यस्ता व्यक्तिलाई एक्लो छाड्नु हुँदैन। किनभने यस्ता व्यक्तिले आत्महत्या पनि गर्न सक्छन्।

विश्व स्वास्थ्य सङ्गठन अनुसार स्माइलिङ डिप्रेशनमा क्लासिक अवसादको विपरीत लक्षण देखिन्छ। यसको कारण बुझ्न र निदान गर्न गाह्रो हुन्छ। किनभने यस्ता व्यक्तिले कुनै मदत पनि माग्दैनन् र उदास भएकोजस्तो पनि देखिंदैनन्। यदि तपाईलाई पनि यस्तो लक्षण देखिन्छ भने तुरुन्तै मनोचिकित्सकसँग उपचार गराउनुपर्छ।

# विवाह नभएपछि रिक्शाचालकले यस्तो गरे

अहिले सामाजिक सञ्जालमा एकजना रिक्शाचालकको खुबै चर्चा भइरहेको छ। दीपेन्द्र राठौर नामक रिक्शाचालकको विवाह नभएपछि उसले ई–रिक्शाको पछाडि आफ्नो बायोडाटा झुन्डाएका छन्। जसमा उनको शिक्षा, उचाइँरक्त समूहलगायत विवरणहरू राखिएको छ।

भारतको मध्यप्रदेश, दमोहमा बस्ने ३० वर्षीय रिक्शाचालक दीपेन्द्रको अहिलेसम्म विवाह भएको छैन। विवाह नभएपछि उसलाई धेरैजनाले जिस्काउने गरेका छन्। उनको विवाहको कुरा थुप्रै ठाउँमा कुरा चल्यो तर पनि कतैपनि साइत जुरेन। त्यसपछि उनले विवाहको लागि अनौठो तरीका खोजेका छन्।




दीपेन्द्रले आफ्नो रिक्शाको पछाडि विवाहको लागि बायोडाटा झुन्डाएका छन्। फोटोसहितको बायोडाटामा उमेर, पेशा, जीवनसङ्गिनीसँग आशा आदि कुरा लेखेका छन्। अहिले सामाजिक सञ्जालमा उनको यो अनौठो तरीका भाइरल भएको छ। ईरिक्शालाई लिएर उनी दिनभरि शहर घुमिरहेका हुन्छन् मानिसहरू ईरिक्शाको पछाडि झुन्डिएको बोर्डलाई रूचिपूर्वक पढ्छन्। बायोडाटामा उनले 'कुनै पनि जाति र धर्मको युवतीसँग विवाह गर्ने लेखेपछि धेरै युवतीले विवाहको प्रस्ताव पठाउन थालेका छन्। उनी भन्छन्– आफ्नो काम छाडेर म युवतीलाई खोज्न ठाउँ–ठाउँमा जान सक्दिनँ। त्यसकारण मैले यस्तो उपाय अपनाएको हुँ।– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# इजरायली सेनाद्वारा गाजाका नागरिकको 'उद्धार गर्ने' योजना प्रस्ताव


दक्षिणी गाजापट्टीबाट रफाह नाका हुँदै इजिप्ट जानका लागि प्रतीक्षारत गाजावासी । फोटो : सिन्हवा

गाजा, १४ फागुन/एएफपी

इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहुको कार्यालयले प्यालेस्टिनी भूमिको दक्षिणी शहर रफाहमा स्थलगत आक्रमण आवश्यक रहेको उल्लेख गर्दै इजरायली सेनाले गाजामा रहेका 'युद्ध क्षेत्रहरू' बाट सर्वसाधारणहरूलाई बाहिर निकाल्ने योजना प्रस्ताव गरेको बताएका छन् ।

विदेशी सरकार र सहायता संस्थाहरूले रफाहमाथि आक्रमण गर्दा ठूलो सङ्ख्यामा सर्वसाधारणको मृत्यु हुने डर बारम्बार व्यक्त गर्दै आएका छन् । अधिकांश अन्यत्रबाट विस्थापित प्यालेस्टिनी रहेको रफाहमा १४ लाखभन्दा बढी प्यालेस्टिनी विस्थापित भएका छन् । इजरायलले स्थल सेनाको कारबाईबाट अछूतो रहेको गाजाको अन्तिम शहर रफाहमा उनीहरू भेला भएका छन् । छिमेकी मुलुक इजिप्ट हुँदै ल्याइएका अति आवश्यक सहायताका लागि पनि यो प्रवेशविन्दु हो ।

नेतन्याहूको कार्यालयबाट हिब्रु भाषामा जारी विज्ञप्तिमा भनिएको छ–"इजरायली सेनाले गाजापट्टीमा युद्धग्रस्त क्षेत्रहरूबाट जनसङ्ख्यालाई बाहिर निकाल्ने योजना र आगामी परिचालन योजनाबारे प्रस्ताव युद्ध क्याबिनेटलाई प्रस्तुत गरेको छ ।" वक्तव्यमा सर्वसाधारणलाई कसरी र कहाँ सार्ने भन्नेबारे कुनै जानकारी दिइएको छैन ।

दोहामा इजरायली र हमासका प्रतिनिधिहरूको सहभागितामा र इजिप्ट, कतारी र अमेरिकी 'द्वन्द्व विज्ञहरू' को समन्वयमा युद्धविराम सम्झौता वार्ताका लागि भएको बैठकपछि यो घोषणा गरिएको इजिप्टको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

इजरायलको सहयोगी संयुक्त राज्य अमेरिकाले जारी मध्यस्थता प्रयासले युद्धविराम र बन्धकहरूलाई रिहा गर्ने दिशामा 'समझदारी' को वातावरण बनेको बताएको छ भने हमास समूह निकट स्रोतले इजरायली सेना फिर्ता गर्न जोड दिएको बताएको छ ।

यद्यपि नेतन्याहूले भने रफाहमाथिको आक्रमणले इजरायललाई हमासमाथि 'पूर्ण विजय' हासिल गर्न केही हप्ताभित्रै सहयोग पुग्ने बताएका छन् । "यदि हामीसँग युद्धविराम सम्झौता भयो भने केही ढिला हुनेछ"–आइतवार सिबिएससँग भएको अन्तर्वार्तामा उनले भने–"एक पटक हामी अपरेशन शुरू गरेपछि पूर्ण जीत हाम्रो लक्ष्य हो र पूर्ण जीत पहुँचभित्र छ र त्यो पनि महीना होइन, केही हप्ता मात्र टाढा छ ।"

बढ्दो मानवीय सङ्कटका बीच प्यालेस्टिनका लागि संयुक्त राष्ट्रसङ्घको प्रमुख सहायता निकायले गाजामा अनिकाल हुन नदिन राजनीतिक कदम चाल्न आग्रह गरेको छ ।

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय युएनआरडब्लुएका प्रमुख फिलिप लाजारिनीले उत्तरी गाजामा खाद्यान्नको चरम अभाव 'मानव सिर्जित विपत्ति' भएको र यसलाई कम गर्न सकिने बताएका छन् ।

"अर्थपूर्ण सहायतामा पहुँच र सुरक्षा प्रदान गर्न साँचो राजनीतिक इच्छाशक्ति रहेमा अनिकालबाट बच्न सकिन्छ"–उनले भन्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घले, विशेषगरी उत्तरी गाजामा सहायता वितरणमा प्रतिबन्धको सामना गरिरहेको जनाएको छ । रासस


**कृषिको प्रयोगात्मक अध्ययन:** रामतुलसी नमूना माध्यमिक विद्यालय रामपुर पाल्पामा कृषि बाली विज्ञान सङ्काय दोस्रो वर्षको प्रथम सेमेस्टरमा अध्ययनरत विद्याथीहरू तरकारी खेतीको रेखदेख गर्दै । कृषि बाली विज्ञान विषय अध्ययनरत विद्यार्थीले विद्यालय प्राङ्गणमा विभिन्न जातका तरकारी खेती तथा बिरुवा उत्पादन गरेर बिक्री गर्दै आएका छन् ।
तस्बिर : सुशीला रेग्मी/रासस

# बैंकिङ क्षेत्र ढल्न दिंदैनौं –गभर्नर अधिकारी

काठमाडौं, १४ फागुन/रासस

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले राष्ट्र बैंकको नियामकीय अधिकारभित्र रहेका बैंक तथा वित्तीय संस्थामा समस्या आउन नदिने बताएका छन् ।

नेपाल बैंकर्स सङ्घले सोमवार आयोजना गरेको सञ्चारकर्मीसँगको छलफलका क्रममा गभर्नर अधिकारीले बलियो नियामकीय संरचना र वित्तीय आधार भएका कारण कुनै पनि संस्था नडुब्ने दाबी गरे । "राष्ट्र बैंकले कुनै संस्थालाई ढल्न दिंदैन । बैंक, वित्तीय संस्था फेल हुने अवस्थामा छैनन् । साना संस्थामा केही समस्या आउन सक्छन् । तर सर्वसाधारणको बचत रकम कुनै पनि हातलमा डुब्दैन," गभर्नर अधिकारीले भने, "राष्ट्र बैंकले नियमन गरेका संस्थाहरू सजिलै डुब्दैनन् । हाम्रो




प्रणाली धेरै हदसम्म राम्रो छ । हामीले लिएका नीति राम्रा छन् । बैंकहरूका खराब कर्जा केही प्रतिशत बढ्यो भन्दैमा समस्या हुँदैन । कर्जाको प्रोभिजनिङ निकै राम्रो छ ।"

अहिले बैंकहरूले नाफा खोज्ने नभई आफू कसरी सुरक्षितरूपमा चलिरहने भनेर सोच्नुपर्ने पनि गभर्नर अधिकारीले बताए । पछिल्लो समय बैंक तथा वित्तीय संस्थालाई लक्षित गरी भइरहेका नकारात्मक प्रचारबाजीले पनि समस्या सिर्जना गरेको उनले दाबी गरे । "लाभांश कम लिनुस् तर संस्था चल्नुपर्छ । बैंक तथा वित्तीय संस्थालाई बलियो बनाउनकै लागि मर्जरको नीति लिइएको हो," उनले भने, "बैंक तथा वित्तीय संस्था भनेको संवेदनशील क्षेत्र हो । तर हाम्रो समाज र अहिलेकाले बैंकिङ क्षेत्र नै नबुझी गाली गर्ने चलन छ ।"

एउटा बैंकमा समस्या आउँदा अर्को बैंक खुशी हुने खराब प्रवृत्तिले भोलिका दिनमा समग्र बैंकिङ क्षेत्रलाई नै समस्यामा पार्न सक्ने भएकाले सबैले मिलेर अहिलेको समस्या समाधान गर्नतर्फ केन्द्रित हुनुपर्नेमा अधिकारीले जोड दिए ।

समग्र अर्थतन्त्रमा देखिएको शिथिलताको असर बैंक तथा वित्तीय संस्थाको वित्तीय स्वास्थ्यमा परेको भएपनि उनीहरू डुब्ने अवस्थामा भने नपुगेको गभर्नर अधिकारीले स्पष्ट पारे । कोभिड महामारीयताका ठूलो रकम कर्जा प्रवाह भएको र उक्त कर्जा नउठ्दा बैंकहरू थप कर्जा दिन नसक्ने अवस्थामा पुगेको उनको भनाइ छ ।

ठूलो रकममा कर्जा लिएका ऋणीहरूले आफ्नो व्यवसायबाट लक्षित नाफा लिन नसक्दा पनि साँवा ब्याज तिर्न मुश्किल भएको उनले बताए । कोभिड महामारीका कारण नेपाल मात्र होइन विश्वभर नै आर्थिक वृद्धिदर घट्ने र मुद्रास्फीति बढेको देखिएकोमा अहिले बिस्तारै सुधार हुँदै गएको पनि गभर्नर अधिकारीले उल्लेख गरे । विगतमा बैंकहरूले धेरै सोचविचारविनै ठूलो रकम कर्जा प्रवाह गरेको र ऋणीहरूले पनि आफ्नो तिर्न सक्ने क्षमता विश्लेषणविनै ऋण लिएको उनको भनाइ छ ।

"आफ्नो क्षमता अनुसारको ऋण लिएको भए अहिले समस्या हुँदैनथ्यो । उहाँहरूलाई समस्या पर्नुमा हामी पनि दोषी छौं," गभर्नर अधिकारीले भने । सहकारी क्षेत्र समस्यामा पर्दा त्यसको असर बैंकिङ क्षेत्रमा समेत परेको उनले बताए ।

सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि नियामकीय अधिकारसहितको विशिष्टीकृत संस्था बनाएर जान आवश्यक रहेको उनले उल्लेख गरे । त्यस्तै, निर्माण क्षेत्रमा देखिएको समस्याका कारण पनि त्यसको असर समग्र अर्थतन्त्रमा देखिएको गभर्नर अधिकारीको दाबी छ । "निजी क्षेत्र र सरकारी क्षेत्रबाट हुने विकास निर्माण कमजोर छ । निर्माण उद्योग समस्यामा पर्दा सिमेन्ट छडलगायत क्षेत्र समस्यामा पऱ्यो । यसरी बहुआयामिक असर देखिए," उनले भने ।

नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनील केसीले पछिल्लो समय बैंक तथा वित्तीय संस्था लक्षित गरी अनर्गल प्रचार भइरहेको बताए । बैंक तथा वित्तीय संस्थाहरूले सङ्कटको सामना गर्नुपरिरहेका बेला सरकारको तर्फबाट पर्याप्त सहयोग नभएको गुनासो पनि उनले गरे ।

अहिले ब्याजदर घट्दोक्रममा रहेको र स्थिरतातर्फ गइरहेको उनको भनाइ छ । त्यस्तै, मुद्रास्फीति घट्दो रहेको, बाह्य क्षेत्र सन्तुलनमा रहेको, रेमिटयान्स बढेकोलगायत कारण अर्थतन्त्र सहज हुँदै गएको उनको दाबी छ ।

समग्र आर्थिक सङ्कुचन आउँदा बैंक तथा वित्तीय संस्थाको नाफा पनि खुम्चिएको उनले बताए । "बैंकहरूको रिटर्न अन इक्युटी घटिरहेको छ । अहिले यो करीब नौ प्रतिशत मात्रै छ । यसपटकको कर्जा प्रवाह गत वर्षको भन्दा केही बढेको भएपनि लक्ष्य अनुसारको वृद्धि देखिन सकेको छैन," केसीले भने, "यस्तो बेलामा बैंक तथा वित्तीय संस्थाबारे सडकबाट अनर्गल प्रचार भयो । अहिले बैंकिङ क्षेत्रले सबैको साथ खोजेको छ ।"

आर्थिक शिथिलताको असर निर्माण क्षेत्र र साना तथा मझौला उद्योगहरू गम्भीर रूपमा देखिएकाले त्यस्ता क्षेत्रमा प्रवाह भएको कर्जा उठ्न नसकेको र थप कर्जा प्रवाह गर्न सक्ने अवस्था पनि नरहेको केसीको बुझाइ छ । यद्यपि नेपालको बैंकिङ क्षेत्र दक्षिण एशियाकै उत्कृष्ट रहेको पनि उनले जिकिर गरे ।

# विश्व व्यापार सङ्गठनका सदस्यद्वारा लगानी सम्झौतामा हस्ताक्षर

अबुधाबी, १४ फागुन/एएफपी

विश्व व्यापार सङ्गठन (डब्लुटिओ) ले, १२० भन्दा बढी सङ्गठनका सदस्य राष्ट्रले पारदर्शितामा सुधार र कर्मचारीतन्त्र अवरोध हटाएर विकासोन्मुख मुलुकहरूमा लगानीलाई सुविधाजनक बनाउने उद्देश्यले, एउटा सम्झौतालाई अन्तिम रूप दिएको आइतवार बताएको छ ।

डब्लुटिओका ७५ प्रतिशत सदस्यद्वारा हस्ताक्षरित विकासका लागि लगानी सहजीकरण (आइएफडी) सम्झौतालाई संस्थाको नियमानुसार औपचारिकरूपमा समावेश गर्नु अघि पूर्ण सहमति आवश्यक हुनेछ । व्यापक समर्थन भए पनि केही सदस्यले अहिले पनि डब्लुटिओमा यसको एकीकरणको विरोध गर्न सक्छन् । सबै मुलुकलाई समेट्न नसक्ने ती सम्झौताको सामान्यतया विरोध गर्ने मुलुकमा भारत पनि सामेल छ ।

डब्लुटिओले अबुधाबीमा आफ्नो १३ औं मन्त्रीस्तरीय सम्मेलन शुरू गर्नुभन्दा केही घण्टा अघि उक्त सम्झौतालाई डब्लुटिओको वेबसाइटमा सार्वजनिक गरेको थियो । पाठ अनुसार उक्त सम्झौताले दिगो विकासलाई प्रोत्साहन गर्ने उद्देश्यले 'प्रत्यक्ष वैदेशिक लगानी प्रवाहलाई विशेषरूपमा विकासोन्मुख र अल्प विकसित' मुलुकहरूलाई सुविधाजनक बनाउने लक्ष्य राखेको छ ।

यसलाई हासिल गर्न भाग लिने देशहरू 'उपाये पारदर्शितामा सुधार गर्न, प्रशासनिक प्रक्रिया सुव्यवस्थित गर्न, अन्य लगानी सुविधा उपाय अँगाल्न र अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन गर्न' सहमत भएका छन् ।

डब्लुटिओ प्रमुख नगोजी ओकोन्जो–इवेलाले उक्त सम्झौतालाई अग्रणी सम्झौता भनेका छन् । उनका अनुसार सम्झौताले यसका हस्ताक्षरकर्ताहरूलाई उनीहरूले विकास वृद्धि गर्न चाहने प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सहयोग गर्ने वाचा गर्दछ ।

युरोपेली सङ्घ (इयु) को व्यापार प्रमुख वाल्डिस डोम्ब्रोभ्स्कीले भने–"यो विकासोन्मुख तथा कम विकसित मुलुकहरूका लागि थप लगानी आकर्षित गर्ने आफ्नो क्षमतालाई बढावा दिने एउटा अवसर हो ।"

हस्ताक्षरकर्ताहरूले फेब्रुअरी २९ सम्म चल्ने अबुधाबी बैठकमा यसलाई समावेश गर्न आग्रह गर्दै निवेदन जारी गरेका छन् । उक्त सम्झौताको समावेशले अन्य मुलुकहरूलाई स्वैच्छिक आधारमा समावेश हुन अनुमति दिनेछ ।

चीनका वाणिज्यमन्त्री वाङ वेन्ताओले भने–"हामी सबै डब्लुटिओ सदस्यहरूलाई एमसी १३ को डब्लुटिओ प्रणालीमा यसलाई सामेल गर्न समर्थन गर्न आह्वान गर्दछौं ।" रासस

# बुर्किनाको चर्चमा आक्रमणकारीहरूद्वारा १५ उपासकको हत्या

औगादुगु, १४ फागुन/एएफपी

उत्तरी बुर्किना फासोमा आइतवारको प्रार्थनासभामा एउटा क्याथोलिक चर्चमा भएको 'आतङ्कवादी' हमलामा कम्तीमा १५ व्यक्ति मारिएका र अन्य दुईजना घाइते भएका चर्चका एक वरिष्ठ अधिकारीले बताएका छन् ।

डोरी सुबाका पादरी जिन–पियरे सवाडोगोले विज्ञप्तिमा भने–"फेब्रुअरी २५ आइतवारको प्रार्थनासभाका लागि जम्मा भएका एस्साकेन गाउँका क्याथोलिक समुदायका मानिसहरू आतङ्कवादी हमलाको शिकार भएकोमा हामी तपाईंको ध्यानाकर्षण गराउँछौं ।" उनले मर्नेहरूको सङ्ख्या १५ पुगेको र दुईजना घाइते भएका जानकारी दिए ।

बुर्किना फासोमा शान्ति र सुरक्षाका लागि आह्वान गर्दै सावाडोगाले 'हाम्रो मुलुकमा मृत्युको आतङ्क मचाउने मानिसहरूको निन्दा' गरे । हमला भएको एस्साकेन गाउँ मुलुकको उत्तरपूर्वी बुर्किना फासो, माली र नाइजरको साझा सीमा नजीकै 'तीन सीमा' क्षेत्रका रूपमा चिनिन्छ ।

यो आक्रमण यस क्षेत्रमा सक्रिय जिहादी समूहहरूमाथि अत्याचारको शृङ्खलामा पछिल्लो हो । आक्रमणमा केहीले इसाई चर्चहरूलाई निशाना बनाएका छन् भने पादरीको समेत अपहरण गर्ने गरेका छन् ।

बुर्किना फासो विशाल साहेल क्षेत्रको हिस्सा हो । यसलाई सन् २०११ मा लिबियाको गृहयुद्धपछि बढ्दो हिंसात्मक उग्रवादविरुद्धको लडाइँमा बन्द गरिएको छ । त्यसपछि सन् २०१२ मा उत्तरी मालीमाथि इस्लामवादीहरूले कब्जा गरेका छन् । सन् २०१५ मा बुर्किना फासो र नाइजरमा जिहादी विद्रोह विस्तार भएको हो । सन् २०२२ मा एक वर्षभन्दा पनि कम समयमा मुलुकमा दोस्रो सत्ता विद्रोहका रूपमा क्याप्टेन इब्राहिम ट्रोरेले सत्ता कब्जा गरेका थिए । दुवै सत्ता विद्रोह जिहादी हिंसा रोक्न सरकारको असफलतामाथि असन्तोषका कारण उत्पन्न भएको थियो । उक्त हिंसामा बुर्किना फासोमा कम्तीमा २० हजार मानिस मारिएका थिए भने २० लाखभन्दा बढी विस्थापित भएका थिए ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – अर्थलाभ | वृष – अतिथिआगमन |
| मिथुन – सुयश | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – ईश्वरभक्ति | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुपराजय |
| कुम्भ – सुसमाचार | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# नेपाली अटो, ईरिक्शालाई रक्सौल प्रवेशमा निषेध


तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, १४ फागुन/
रक्सौल नगरपरिषद्ले नेपाली नम्बरका अटो, ईरिक्शालाई रक्सौल प्रवेशमा निषेध गरेको छ।

रक्सौल बजारमा नेपाली नम्बरका अटो, ईरिक्शा रेलवे ढालानजीक भारत पेट्रोलपम्प अगाडि पार्किङ हुँदै आएकामा सवारी जाम बढेको भन्दै नगरपरिषद्ले आइतवारदेखि नेपाली नम्बरका अटो, ईरिक्शालाई रक्सौल प्रवेशमा निषेध गरेको छ।

भारतीय नम्बरका अटो, ईरिक्शा शुरूदेखि नेपाल प्रवेशमा निषेध गरिएको छ। मोटरसाइकल, जीप, कार, भ्यान र हेभी गाडीहरू भन्सार प्रवेशाज्ञा लिएर मात्र प्रवेश गर्न पाउँछन्। नेपाली नम्बरका निजी गाडीहरू भने रक्सौल स्टेशनसम्म शुरूदेखि आवतजावत गर्दै आएका छन्।

यसअघि पनि नेपाली नम्बरका अटो, ईरिक्शालाई मितेरीपुलमा पार्किङ गर्ने र रक्सौल प्रवेशमा निषेध गरिएको थियो तर पछि खुला गरिएको हो। अहिले रक्सौलमा ट्राफिक समस्या विकराल छ। शुरूदेखि ट्राफिक व्यवस्थापन कमजोर रहेको रक्सौलमा नगरपरिषद्ले नेपाली नम्बरका अटो, ईरिक्शालाई प्रवेश बन्द गर्दा केही हलुको हुने विश्वास लिइएको छ।



## औषधि बरामद

प्रस, वीरगंज, १४ फागुन/
सशस्त्र प्रहरीले रु अढाई लाखको औषधि बरामद गरी भन्सार कार्यालय चलान गरेको छ।

वीरगंज महानगर-६ अलखियामठबाट सोमवार दिउँसो सशस्त्र प्रहरीले अढाई लाख मूल्य बराबरको औषधि बरामद गरेको जनाएको छ। भारतीय नम्बरको मोटरसाइकलमा सवार दुईजनाले कार्टुनमा औषधि ल्याइरहेको र रोक्दा उनीहरू मोटरसाइकल र औषधि फालेर फरार भएका थिए। २०० एमएलका १४४ बट्टा न्युट्रिडेक्स मल्टिभिटामिन रहेको र सोलाई आजै वीरगंज भन्सार पठाइएको सशस्त्र प्रहरीले जनाएको छ।

## नेपाल राजभरको वार्षिकोत्सव सम्पन्न




नरेश यादव, पर्सागढी १२ फागुन/
'आऔ हामी सबै मिलिजुली समाज जुटाऔ' नाराका साथ नेपाल राजभर समुदायले वीरगंज-१९ विन्ध्यवासिनीमा प्रथम वार्षिकोत्सव मनाएको छ।

वार्षिकोत्सवमा बारा र पर्साका राजभर समुदायको सहभागिता थियो। कार्यक्रममा जसपा जिल्ला सदस्य सुरेन्द्रलाल साहले समाजभित्र रहेको राम्रा-नराम्रा कामको मूल्याङ्कन गर्नुपर्ने बताए। उनले सबै मिलेर असल समाज निर्माण गर्नुपर्ने बताए।

रूपनारायण राजभरको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत बिन्दा राजभर र सहजीकरण विनय राजभरले गरेका थिए।


## रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाई हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन/तीन महीनामा रक्तदान गर्न मिल्छ,
- १८ देखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवनदान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं
- आफूले पनि रक्तदान गरौं, अरूलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

## आगलागीको कारण नेटुवा परिवारको बिचल्ली

प्रस, पचगावाँ, १४ फागुन/
जीराभवानी गाउँपालिका-१



ललितपुर टोल निवासी मुन्ना नेटुवाको घरमा आइतवार आगलागी भएको छ।

विद्युत् सर्टसर्किट भएर आगलागी हुँदा खाद्यान्न, कपडा, गहनालगायत सामग्री जलेर नष्ट भएको प्रहरी चौकी महादेवपट्टीका प्रहरी सहायक निरीक्षक ललितकुमार साहले बताए।

आगोलाई वीरगंज महानगरको वारुणयन्त्र, सुरक्षाकर्मी र स्थानीयवासीले निभाएका थिए। आगलागीपछि नेटुवा परिवारको बिचल्ली भएको स्थानीय अर्जुन चौधरीले बताए। मुन्ना नेटुवाको छोरीको बिहेको दिन नजीकिँदै गर्दा आगलागी भएपछि किनमेल गरेको सामानसहित करीब दुई लाखको क्षति भएको प्रहरीले जनाएको छ।

## कपडा लोड ट्रक नियन्त्रण

प्रस, वीरगंज, १४ फागुन/
सशस्त्र प्रहरी प्रस्तावित सीमा सुरक्षा



गुल्म अलौले वीरगंज-२५ अलौबाट ७० लाख मूल्य बराबरको कपडासहित ट्रक नियन्त्रणमा लिएको छ।

काठमाडौं जाँदै गरेको ना.८ ख ३९७८ नम्बरको ट्रक सशस्त्र प्रहरीले चेकजाँच गर्दा बिलभन्दा बढी सामान भेटिएपछि नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय, पथलैया बारामा बुझाएको सशस्त्र प्रहरीले जनाएको छ।

# खेलकूदको संसार

## अल्पाइन टी-२०: ग्लोबल बिजनेश र मिनील्यान्ड सेमिफाइनलमा

प्रस, वीरगंज, १४ फागुन/
अल्पाइन अन्तरकलेज टी-२० कप २०८० अन्तर्गत सोमवार क्वाटरफाइनल खेल शुरू भएको छ।

पहिलो खेलमा ग्लोबल बिजनेश कलेजले वीरगंज सेन्ट्रल कलेजलाई ९७ रनले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।



तस्वीरः प्रतीक

पहिला ब्याटिङ गर्दै ग्लोबल बिजनेशले निर्धारित २० ओभरमा चार विकेट गुमाएर १६३ रन बनाएको थियो। ग्लोबलका विवेक यादवले ५३, नीरज यादवले ४३ र सोनु पटेलले २४ रन बनाए।

वीरगंज सेन्ट्रलका दिनदयाल दासले दुई र नितेश गुप्ताले एक विकेट लिए। प्रतिउत्तरमा वीरगंज सेन्ट्रल १५.३ ओभरमा सबै विकेट गुमाएर ६६ रनमा सीमित भयो। वीरगंज सेन्ट्रलका महमद अलिराज अन्सारीले १२ र मुकेश मण्डलले १० रन बनाए। ग्लोबल बिजनेशका विवेक यादवले तीन र रोशन कुमारले दुई विकेट लिए। यस खेलको 'म्यान अफ दी म्याच' विवेक यादव घोषित भए।

यसैगरी, आज भएको दोस्रो क्वाटरफाइनलमा मिनील्यान्डले मेरिगोल्डलाई ७८ रनअन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। पहिला ब्याटिङ गरेको मिनील्यान्डले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १२८ रन बनाएको थियो। मिनील्यान्डका विकाश पटेलले ४२ र रोहित साहले ३८ रन बनाए। मेरीगोल्डका सुरज प्रजापतिले दुई र दिलशाद हुसेनले एक विकेट लिए।

प्रतिउत्तरमा मेरिगोल्ड १४.३ ओभरमा सबै विकेट गुमाएर ५० रनमा सीमित भयो। मेरिगोल्डका शुभम् सर्राफले २२ रन बनाए भने मिनील्यान्डका विवेक बस्नेतले पाँच र रोहित साहले तीन विकेट लिए। यस खेलको 'म्यान अफ दी म्याच' मिनील्यान्डका रोहित साह घोषित भए।

मङ्गलवार हुने पहिलो खेल नेशनल इन्फोटेक र श्री दुर्गा मोडेल मावि कलैया र दोस्रो खेल वीरगंज पब्लिक कलेज र डेसिमल कलेजबीच हुने आयोजकले जनाएको छ।

## सखुवाप्रसौनी क्रिकेटः कालिकामाई फाइनलमा

दिनेशकुमार मिश्र, वीरगंज, १४ फागुन/
दोस्रो सखुवाप्रसौनी क्रिकेट प्रतियोगिता-२०८० अन्तर्गत सोमवार सम्पन्न दोस्रो सेमिफाइनल खेलमा कालिकामाई विजयी भएर फाइनलमा प्रवेश गरेको छ।

परवानीपुर गापाले टस जितेर निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाइ १२१ रन बनाएको थियो। सोविरुद्ध ब्याटिङ गरेको कालिकामाईले २० ओभरमा आठ विकेटको क्षतिमा १२२ रन बनाएर दुई विकेटले जितेको हो। आजको खेलको 'म्यान अफ दी म्याच' कालिकामाईका योगराज शर्मा घोषित भए। चार ओभरमा छ रन दिएर दुई विकेट लिनुका साथै २४ बलमा २७ रन बनाएका थिए।


तस्वीरः

प्रतियोगिताको फाइनल खेल फागुन १६ गते बुधवार हुनेछ। फाइनलमा आजका विजेता कालिकामाई र हिजोको विजेता छिपहरमाई गापा भिड्ने आयोजक सखुवाप्रसौनी युवा समाजका सचिव सरोज पटेलले बताए।

## 'ए' ग्रेडका खेलाडीले मासिक तबल एक लाख पाउने

काठमाडौं, १४ फागुन/रासस
नेपाल क्रिकेट सङ्घ (क्यान)ले 'ए' ग्रेडमा पर्ने पुरुष खेलाडीलाई मासिक तलब रु एक लाख दिने निर्णय गरेको छ। यही फागुन १२ र १४ गते बसेको क्यानको केन्द्रीय कार्यसमितिको बोर्ड बैठकले पुरुषतर्फ 'ए' ग्रेडमा पर्ने खेलाडीलाई मासिक रु एक लाख तलब दिने निर्णय गरेको हो। 'ए' ग्रेडमा छजना खेलाडी पर्न सफल भएका छन्।

बैठकले पुरुषतर्फ 'बी' ग्रेडमा पर्ने खेलाडीलाई रु ७० हजार, 'सी' ग्रेडलाई रु ५५ हजार, 'डी' ग्रेडलाई रु ३५ हजार तथा इमर्जिङ समूहमा पर्नेलाई रु २५ हजार प्रदान गर्ने निर्णय गरेको हो।

'ए' ग्रेडमा राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलसहित सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख र कुशल भुर्तेल छन्। त्यसैगरी, ग्रेड 'बी'मा कुशल मल्ल, गुलशन झा, भीम सार्की, ललितनारायण राजवंशी र अविनाश बोहरा छन्। ग्रेड 'सी'मा विनोद भण्डारी, अर्जुन साउद, सन्दीप जोरा र प्रतीश जिसी छन्।

ग्रेड 'डी'मा पवन सर्राफ, सागर ढकाल, अनिल शाह, विवेककुमार यादव, आकाश चन्द, वशीर अहमद र सूर्य तामाङ छन् भने इमर्जिङ समूहमा दीपेश कँडेल, रूपेश सिंह, रिजन ढकाल, विपिन खत्री, देव खनाल, अर्जुन घर्ती र हेमन्त धामी छन्।

महिलातर्फको ग्रेड 'ए'मा इन्दु वर्मा, रूविना क्षत्री र सीता रानामगर छन् भने ग्रेड 'बी'मा कविता कुँवर, ग्रेड 'सी'मा पूजा महतो र अश्मिना कर्माचार्य छन्। त्यसैगरी, ग्रेड 'डी'मा अप्सरी बेगम, कविता जोशी, सङ्गीता राई, काजोल श्रेष्ठ र बिन्दु रावल छन्।

इमर्जिङमा सोनी पाख्रिन, खुशी डङ्गोल, ज्योत्सिना मरासिनी, कञ्चन श्रेष्ठ, रूबी पोद्दार, सृष्टि जैसी, सम्झना खड्का र सना प्रवीण छन्।

महिलातर्फको 'ए' ग्रेडमा पर्ने खेलाडीलाई रु ५० हजार प्रदान गरिनेछ भने 'बी' ग्रेडलाई रु ३५ हजार, 'सी' लाई रु ३० हजार, 'डी' लाई रु २५ हजार तथा इमर्जिङ समूहलाई रु २० हजार प्रदान गर्ने बैठकले निर्णय गरेको छ।